# अध्याय-१
# परिचय

## १.१ पृष्ठभूमि

पृथ्वीको उत्तरी गोलार्द्धमा अवस्थित संसारकै सर्वोच्च शिखर सगरमाथा र शान्तिका प्रतीक भगवान बुद्धको जन्मस्थल लुम्बिनी रहेको देश नेपाल एक सानो भुपरिवेष्ठित राष्ट्र हो । नेपालले पृथ्वी र एशियाको क्रमशः ०.०३% र ०.३% भु-भागमात्र ओगटेको भएतापनि धरातलीय बनोट र हावापानीका दृष्टिले यस भूमिमा अत्यन्तै विविधता देख्न सकिन्छ । भौगोलिक दृष्टिले नेपाललाई पूर्वदेखि पश्चिमका तीनवटा प्रदेशहरूमा विभाजित छ । जुन हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश हुन् । प्रशासनिक हिसाबले पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल गरी पाँचवटा विकासक्षेत्रमा विभाजित छ भने चौध अञ्चल र पचहत्तर जिल्ला तथा ५८ नगरपालिका र ३९१५ गा.वि.स.हरू रहेका छन् ।

नेपाल एक हिन्दू बाहुल्य भएको देश भए तापनि यस अधिराज्यभित्र गैर हिन्दूहरू पनि लामो समयदेखि बस्दै आएका पाइन्छन् । जसमा मुस्लिम धर्मावलम्बीहरू पनि एक छन् । मुस्लिम धर्म विश्वका प्रख्यात चार धर्महरू मध्येको एक धर्म हो । यिनीहरूको आफ्नै धर्म, भाषा, संस्कृति भएकोले हिन्दू राष्ट्रभित्र छुट्टै पहिचान रहेको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार कूल जनसंख्या २२७३६९३४ जनामा ११३५९३७८ जना पुरुष र ११३७७५५६ महिला जनसंख्या रहेका छन् । मुस्लिमको ३६१० जम्मा कूल जनसंख्या रहेको छ । धर्मको अनुसार हिन्दू धर्मावलम्बी ८०.६२%, बौद्ध १०.७४%, इस्लाम ४.२०% , किराँत ३.६०%, क्रिश्चियन ०.४५% र अन्य धर्मावलम्बीहरू ०.३९% रहेका छन् । (राष्ट्रिय जनगणना २००१)

मुस्लिम धर्मावलम्बीहरू आफ्नो धर्म र कला संस्कृतिमा बढी कटिवद्ध हुन्छन् । धर्मले पनि यिनीहरूलाई केही अनिवार्य गर्नुपर्ने कार्यहरू तोकिदिएको छ । जसमा नमाज, जकात

रमजान, हज मुख्य हुन् । त्यसमा पनि हज र जकात धन सम्पतिसँग बढी नजिक भएकोले सम्पन्न व्यक्तिहरूलाई मात्र अनिवार्य गरिएको छ। पैगम्वर मोहमदलाई मुस्लिमहरू अल्लाह मान्दछन् र सोही इस्लामिक धर्म कानूनको अधीनमा रही आफ्ना कार्यहरू गर्दछन्। इस्लाम धर्ममा विश्वास गर्ने र सोही धर्मले सिकाएको बाटोमा हिड्नेलाई मुसलमान भनिन्छ । इस्वीको छैटौं शताब्दीमा एशियामा वौद्ध धर्म र यूरोपमा इशाई धर्मको प्रभाव फैलिंदै थियो । विश्वको धार्मिक इतिहासमा अरवियन सुख्खा भूमिको विशिष्ट र गौरवशाली स्थान रहेको देखिन्छ। इस्लाम धर्म पनि अरवियन भूमिमै उद्भव भएको थियो । इसाको सातौं शताब्दीको पूर्वार्धमा (चालिसे, २०५८ : ३८८) ।

नेपाल बहुजातीय वहुभाषिक विविध भाषा संस्कृतिको संगम भएको साझा फूलवारीका रूपमा रहेको मुलुक हो। नेपालका ५९ जनजाति र १०० जाति मध्येको एक जाति मुसलमान पनि हो। यो जातिको आफ्नै मौलिक पहिचान र विशेषता छ। यिनीहरू जनजाति अन्तर्गत पनि परेका छैनन् । यिनीहरू आफ्नो धर्म संस्कृति भएका र सामाजिक विकासका दृष्टिले अन्य जाति भन्दा अलि पछाडि परेका देखिन्छन् । नेपालमा वसोवास गर्ने सम्पूर्ण जातजातिले आ-आफ्नै धर्म, भाषा, संस्कृति, नृत्य कला र परम्परा बोकेका छन् । हरेक जातिको आ-आफ्नै पहिचान र छुट्टै अस्तित्व रहेको छ । त्यस्तै मुसलमान जाति पनि आफ्नो धर्म संस्कृति, भाषा परम्परा र छुट्टै अस्तित्वको परिचय दिने जाति हो ।

'हामी मुसलमानका पहिला पूर्खा पन्ध्रौ शताब्दीको अन्त्यतिर तथा सोह्रौ शताब्दीको शुरुतिर लदाकको बाटो तिब्वत पसेर नेपाल आएको कश्मिरी मुसलवान थिए। उनीहरू त्यतिञ्जेलसम्म कम्बल, गलैचा, दोसल्ला आदिको व्यापार गर्दथे। कश्मिरी मुसलमानहरूलाई काठमाडौंका राजा रत्न मल्लका प्रतिनिधिले ल्हासामा भेटेपछि उनीहरूमध्ये केहीलाई काठमाडौं बोलाएर ल्याइएका थिए।' इस्लाम धर्मलाई मुसलमान धर्म पनि भनिन्छ। अनादिकालदेखि नै चलिआएको यस धर्मका लागि अल्लाहका सन्देशबाहक रसुहलहरूले यसको प्रचारप्रसार गरेर शिक्षा दिंदै आएको पाइन्छ। इस्लाम अरबी भाषाको शब्द हो । जसको अर्थ आज्ञापालन भन्ने हुन्छ । अल्लाहको आज्ञापालन गर्नु

ईश्लाम धर्म हो। मुसलमानको अर्थ सेवक भन्ने हुन्छ अर्थात अल्लाहको सेवक हुनु मुस्लिम बन्नु हो। (विष्ट, २००६ : ९०)

सातौं शताब्दीमा प्रवर्तक मोहम्मदद्वारा व्याख्या गरिएको विश्वको दोस्रो ठूलो धर्मका रूपमा ईश्लाम धर्म रहेको छ। मोहम्मदको जन्मस्थानका रूपमा रहेको मक्का मुशलवानहरूका लागि पवित्र शहरको रूपमा रहेको छ। विश्वभरकै मुसलमानहरू जीवनमा कम्तीमा एकपटक त्यस पवित्र शहरमा पुगी ईश्लाम धर्मका जन्मदाता मानिएका अल्लाहको प्रार्थना गर्ने लक्ष्य राख्दछन्। कुरान मुसलमानहरूको पवित्र धर्म ग्रन्थ हो। विश्वकै मुसलमानहरू इस्लामिक कानुनअनुसार चल्दछन्। उनीहरू सामन्त सामाजिक संगठनहरू तथा सामाजिक जीवनका यथावत पक्षहरू इस्लामिक परम्पराअनुसार चलुन भन्ने ठान्दछन्। नीतिनियमको पालना तथा महिलाप्रतिको दृष्टिकोणमा उनीहरू निकै कठोर देखिन्छन्। शिया र शुन्नी मूल सम्प्रदाय यस धर्ममा पाइन्छन्। विश्वका प्राय सबैजसो अरबियन मुलुकहरू, पाकिस्तान, बगलादेशलगायतका देशका अधिकांश मानिसहरू मुस्लिम धर्म मान्दछन्।

हाल नेपालमा मुस्लिमहरू २००९-११ को जनगणनाअनुसार कुल नेपाल अधिराज्यको जनसंख्यामा २.५% वि.स.२०१८ मा ३.०%, २०२८ मा ३.०%, २०३८ मा २.७% र २०४८ मा ३.५% रहेको छ। वि.स. २०४८ को जनगणनाअनुसार मुसलबानहरूको संख्या ६५३०५५ देखिएको थियो।

### १.२. **समस्याको कथन**

कानुनले छोराछोरी दुबै बराबर भनिए तापनि सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक रूपमा छोरा र छोरीप्रति गरिने व्यवहारहरू भेदभावपूर्ण छन्। सामाजिक साँस्कृतिक रूपमा मात्र नभएर शैक्षिक एवम् अन्य क्षेत्रहरूमा पनि छोराछोरीप्रति हेरिने दृष्टिकोण फरक नै छ। मुस्लिम समुदाय पनि पुरुष प्रधान समुदाय भएकोले पुरुषको वर्चस्व त रहन्छ नै, त्यति मात्र नभएर प्रत्येक कार्यमा पुरुषको निर्णय तुलनात्मक रूपमा

बढी स्वीकार्य हुन्छ भने महिलाहरूको आवाज त्यति सुनिँदैन । महिलाहरूलाई बाध्यतावश पुरुषाधीन हुने वातावरण सिर्जना गराइन्छ । छोराको तुलनामा महिलाहरू स्वतन्त्रपूर्वक बोल्न घुमफिर गर्न तथा कुनै पनि सांस्कृतिक, शैक्षिक, राजनैतिक, आर्थिक कार्यहरूमा सरीक हुन् सक्दैनन् । प्रजनन शक्ति महिलाको नैसर्गिक अधिकार भएता पनि त्यसमाथि पुरुषहरूले नियन्त्रण गरेका हुन्छन् । सन्तान कति पाउने, परिवार नियोजन गर्ने वा नगर्ने, गर्भपतन गर्ने वा नगर्ने, अस्थायी परिवार नियोजन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा मुस्लिम समुदायमा महिलाको मौलिक अधिकारहरू पनि सबै पुरुषको निर्णयमा भर पर्दछ । गर्भपतन, परिवार नियोजनका सम्बन्धमा महिलाहरू एक शब्द पनि बोल्न नपाउने कुरा आजको एक्काइसौं शताब्दीमा पनि मुस्लिम समुदायमा कुनै नौलो कुरा होइन । महिलाको यौनिकता, गतिशीलता, सम्पत्ति तथा आर्थिक श्रोत, श्रमशक्तिको उत्पादनका पक्षहरूमा पनि महिलामाथि पुरुषको दमन र शोषण एवं थिचोमिचो, समान कामको असमान ज्याला र एकाधिकार रहेको छ ।

यस धर्ममा पुरुषले जतिवटा विवाह गर्न पनि सक्ने र सम्बन्ध विच्छेद पनि सजिलै गर्न सक्ने देखिन्छन् भने यसबाट महिलाहरू विल्कुलै वञ्चित छन् । यदि सम्बन्धविच्छेद भइहाले पनि समाजमा उसलाई तल्लो स्तर वा हेयको दृष्टिकोणले हेरिन्छ । समाजमा नारीलाई सम्बन्धविच्छेदपश्चात् बाँच्न सहज नहुने स्थिति रहेको पाइन्छ । यी विभिन्न कारणहरूले गर्दा नै मुस्लिम समुदायमा लैङ्गिकताको जरो कसरी पलाई क्रमश कसरी झ्याङ्गिदै गइरहेको छ ? भन्ने विषय एउटा अनुसन्धानको गहन विषय बनेको छ । त्यतिमात्र नभएर प्रतिष्ठित कार्य एवं आयआर्जन हुने कार्यमा पुरुषहरूको वाहुल्यता रहेको छ भने महिलाहरू बोझिलो, कम आयआर्जन हुने, कम प्रतिष्ठित र बढी समय काममा खटिनु पर्ने वाध्यता छ । विशेषतः महिलाहरू परिवार नियोजन नहुने भएकाले सन्तानोत्पादन कार्य, बच्चाहरूको पालनपोषण, घाँसपानी, दाउरा, कुँडोपानी, घसेटो, भकारो सोहोर्दै लिपनपोतन भै अल्झिने हुँदा बाहिरी दुनियाँ कस्तो छ ? भन्ने कुरामा समेत जानकारी नभएको समुदाय भएकोले उक्त समुदायमा महिलाको अवस्था कुनै पनि क्षेत्रमा कस्तो छ होला ? भन्ने गहन अध्ययन यस अनुसन्धानमा गरिएको छ ।

आधा आकाश ढाक्ने महिला, जीवनरूपी रथको एउटा पाङग्रा हो भने अर्को पाङग्रा पुरुष यसरी यिनीहरू एउटै सिक्काका दुई पाटा हुन्। जहाँ एकको अनुपस्थितिमा कुनै पनि कार्यको कल्पनासमेत पनि गर्न सकिँदैन अथवा नारी पुरुष आधा आधी हो भने एकको मात्र विकास वा सहभागिताले त विकास त्यसै पनि अपूर्ण रहन्छ। त्यसैले पुरुषहरूमा समतामूलक धारणा किन बन्न सकेको छैन ? महिलाहरूलाई किन कुनै पनि क्षेत्रमा समान अवसर र पहूँच हुन दिइएको छैन ? भन्ने कुराको चुरो यस अध्ययनमा पत्ता लगाइने छ। विशेष गरी खेतीपाती, पशुपालन र घरदैलोमा पुगी चुराको व्यापार गर्ने काम यिनीहरू गर्दछन्। चुराको व्यापार गर्ने भएकाले यिनीहरूलाई चुरेटा भनेर पनि चिनिन्छ। विशेष कुरा के भने यिनीहरूको समुदाय भित्र एउटै आमाको दूध खाएका दाजुभाइ दिदीबहिनीबाहेक अन्यसँग बिहेवारी गर्न सकिने अनौठो परम्परा छ। त्यतिमात्र नभएर बालक जन्मेको पाँच वर्ष भित्र बालकको लिङ्गको टुप्पो काटिने जस्तो पत्याउनै नसकिने चलन पनि यिनीहरूको रहेको छ। जसलाई उनीहरूको भाषामा (सुन्नत) भनेर चिनिन्छ। बालिकाको भने केही गरिंदैन। उक्त समुदायका महिलाको अवस्थाको बारेमा गहिरो अध्ययन यस शोधपत्रमा गर्ने प्रयास गरिएको छ। सारमा यो अध्ययन निम्न अध्ययन सवालहरूको उत्तर खोज्नेमा केन्द्रित हुनेछ।

१. मुस्लिम समुदायमा छोरीको वैवाहिक प्रक्रियामा उनीहरूको भूमिका कस्तो छ ?
२. मुस्लिम समुदायमा महिलाको घरायसी अवस्था कस्तो छ ?
३. मुस्लिम समुदायमा महिलाको पेवा वस्तुभाउ एवं आर्थिक सङ्कलन हुने नहुने अवस्था कस्तो छ ?
४. मुस्लिम समुदायमा महिलाको शैक्षिक अवसर र अवस्था कस्तो छ ?
५. मुस्लिम समुदायमा महिलाको सामाजिक कार्यमा उनीहरूको सहभागिता र निर्णय प्रक्रिया अवस्था कस्तो छ ?
६. मुस्लिम समुदायमा महिलाको कृषि सम्बन्धी भूमिका एवं निर्णय कस्तो रहेको छ ?
७. घरायसी जीवनमा महिला एवं पुरुषको भूमिका कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको सामान्य उद्देश्य मुस्लिम समुदायका महिलाहरूको अवस्था पत्ता लगाउने हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१. मुस्लिम समुदायमा छोरीबुहारीको शैक्षिक अवस्था पत्ता लगाउने ।

२. घरायसी सामाजिक जीवनमा छोरीबुहारीको अवस्था प्रकाश पार्ने ।

३. मुस्लिम समुदायमा वैवाहिक प्रक्रियामा छोरीको निर्णय कस्तो हुन्छ भन्ने बारेमा प्रकाश पार्ने

## १.४. शब्दावलीको परिभाषा

अवस्था- मुस्लिम समुदायमा महिलाले भोगेको वा रहेको स्थिति

कट्टर- धर्म, परपम्रा, संस्कृतिको नाममा आफ्नै पाराको अडान, अपरिवर्तनशील

महिला- पुरुषाधीन हुने, अर्काको घरमा जानुपर्ने जति पढे पनि बोक्न ल्याउनु पर्ने, स्वतन्त्र भएर घुमफिर गर्न नपाउने, कुनै पनि सभा सम्मेलनमा भाग लिन र बोल्न नहुने एक तल्लो स्तरको जात

दृष्टिकोण- महिलाप्रति पुरुष आँखाले हेर्ने हेराइ

शोषण- धर्म परम्पराको नाममा महिलाको अनर्गल चुसाइ

## १.५. अध्ययनको महत्त्व तथा औचित्य

मुस्लिम समुदाय हिन्दू समुदायभन्दा छुट्टै पहिचान बोकेको समुदाय हो । यस अध्ययनबाट मुस्लिम समुदायका महिलाको अवस्थाबारे जानकारी लिन सकिनेछ। मुस्लिम समुदायमा छोराको तुलनामा महिलाको अवस्थाको बारेमा पनि यस अध्यययनले जानकारी दिनेछ। मुस्लिम समुदायमा लैङ्गिकता छ छैन वा छ भने कति सतही र कति गहिराइमा छ भन्ने कुराको पनि यसले ज्ञान दिलाउने छ। मुस्लिम समुदायका पुरुषहरू सधैं हलुका एवं आयआर्जनमूलक एवं प्रतिष्ठित कार्य गर्छन् भने महिलाहरू घण्टौं पर वनजंगलबाट घाँसदाउरा, पानी पँधरो एवं तल्ला स्तरको काम गर्नुपर्ने बाध्यता छ। उक्त कार्य मेरो घर उक्त समुदायको समिपमा रहेकोले स्वयम मेरै आँखाले प्रत्यक्ष देखेकोले मुस्लिम समुदायमा

महिलाको अवस्थाको बारेमा अनुसन्धान गर्न मलाई भित्रैदेखि इच्छा जागेर आएको हो। वनजंगल, घाँसपात, दाउरा गर्ने एउटा पनि पुरुष नभएकोले र महिलाहरू हूलका हूल घाँसपात दाउरा गर्न आउने गर्दछन्।


यस अध्ययनबाट भावी अध्ययनकर्ताहरूले मुस्लिम समुदायमा महिलाको अवस्था बुझ्न यथार्थ कुरा पाउने छन्। स्वयम् उक्त समुदायका पुरुषहरूले समेत पुरुषत्वको आधारमा गरिएका गल्ती एवं खरावीहरू सच्याउने भारी मौका पाउने भएकोले यो अनुसन्धानको महत्त्व एवं औचित्य बढी देखिएको छ।

### १.६. अध्ययनका सीमाहरू

समय र श्रोत अभावका कारण यस अध्ययनमा प्रशस्त सीमाबन्दीहरू रहेका छन्। यो अध्ययनले सबै मुस्लिम बस्तीहरूलाई समेट्न सकेको छैन। समग्र मुस्लिम समुदायमा रहेका जल्दाबल्दा चुनौतीहरूलाई अध्ययनमा अटाउन सकिएको छैन। सम्पूर्ण महिलाहरूको अवस्थालाई मध्यनजर गरी यथार्थ कुरा पत्ता लगाउन सकिने छैन। महिला र पुरुषलाई तुलनात्मक रूपले पनि अध्ययन अनुसन्धान गर्न सकिने छैन। मुस्लिम समुदायमा विभिन्न वर्ग, उमेरमा व्यक्तिहरूलाई अध्ययनमा अटाउन सकिएको छैन। त्यतिमात्र नभएर मुस्लिम समुदायमा जन्मदेखि मृत्युपर्यन्त हुने गरिने यावत संस्कार, चालचलन, भेषभूषा, लवाइखुवाई, रहनसहन, वोलीचाली मुस्लिम धर्मका विभिन्न विवाहहरू, रीतिरिवाज, नाचगान, वैवाहिक कुराहरू, मृत्यु संस्कारका एवं अन्य धेरै अनुसन्धानका सवालहरूलाई अनुसन्धानकर्ताको अनुसन्धानमा भित्र्याउन सकिएको छैन। यसमा विशेषगरी महिलाको अवस्था त्यसमा पनि विवाह नभैसकेका छोरीहरू र बुहारी उत्तरदाताहरू समाहित गरिएको छ।

## १.७ अवधारणागत रूपरेखा

### चित्र १.१ अवधारणागत रूपरेखा




यस अवधारणागत रूपरेखाले मुस्लिम समुदायमा महिलाको अवस्था कमजोर हुनुका विविध कारणहरूलाई प्रष्ट्याउने कोशिस गरेको छ। सर्वप्रथम समाजमा भएका कुरीति, परम्परावादी सोचाइ, यथास्थितिवाद, पुरानो संस्कृति, रुढिवादितापन, पछौटे समाज, अन्धविश्वास, पुरातन सोचाइले समाजलाई पछिल्तिर धकेलिरहेको छ भने यसको अलावा मुस्लिम समुदायमा सन्तानोत्पादन कार्य उच्च भएको कारण उनीहरू बेफुर्सदिला हुनुका साथै अस्वस्थ पनि हुने गर्दछन् भने उनीहरूमा शिक्षाको कमीले गर्दा उनीहरूले अझ बढी समस्याहरू झेल्न परेको छ। अशिक्षित हुनुको कारणले नै उनीहरू शिक्षामा कम लगानी गर्नुका साथै समय र शैक्षिक सामग्रीहरू पनि पर्याप्त उपलब्ध हुन सक्दैन। मुस्लिम धर्म आफैंमा धर्ममा बढी कट्टरता भएको धर्म हो। जहाँ छोराको महत्त्व बढी र छोरीलाई दोस्रो दर्जामा राखिनुको कारणले मुस्लिम समुदायमा महिलाको अवस्थालाई थप दयनीय बनाउँछ। महिलाहरूको राजनीतिमा कम पहुँच भएका कारण नीति नियम पनि

महिला अनुकूल हुँदैनन् । विशेषतः उनीहरूको न्यून आम्दानी र बेरोजगारीको समस्याले गर्दा उनीहरूमा बढी बोझिला कार्यहरू र धेरै समय काममा खटिनु पर्ने स्थिति सिर्जना भएको छ ।

### १.८ अध्ययनको संगठन

यस शोधपत्रलाई जम्मा ८ अध्यायमा विभाजन गरिएको छ। अध्याय एकमा यस अध्ययनको समग्र परिचय दिइएको छ। जसमा यसको पृष्ठभूमि, समस्याको कथन, उद्देश्यहरू, महत्त्व र अध्ययनका सीमाहरू आदिलाई उल्लेख गरिएको छ। अध्याय दुईमा यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरूको समीक्षा गर्ने क्रममा मुस्लिम जातिको इतिहास र उनीहरूको बारेमा प्रकाशित विभिन्न खाले कृतिहरूको समीक्षा गरिएको छ। अध्याय तीनमा यस अध्ययनलाई सफलिभूत पार्न प्रयोग गरिएको अनुसन्धान पद्धतिलाई व्याख्या गरिएको छ भने अध्याय चारले अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचयलाई समेटेको छ ।

यसैगरी अध्याय पाँचमा किहूँ गा.वि.स. का मुस्लिम समुदायमा महिलाको शैक्षिक अवस्थाको बारेमा विश्लेषण गर्ने कोशिस गरिएको छ भने अध्याय छमा सो ठाउँका मुस्लिम समुदायका महिलाले दैनिक घरायसी जीवनमा बहन गर्ने जिम्मेवारी, भूमिका र कामहरूको चर्चा गरिएको छ। अध्याय सातमा किहूँका मुस्लिम महिलाहरूले सामाजिक जीवनमा खेल्ने भूमिकाको विश्लेषण गरिएको छ। अध्याय आठ यस शोधपत्रको अन्तिम अध्याय हो। जसमा यस अध्ययनको सारांश, समग्र प्राप्तिहरू र निष्कर्षलाई समेटिएको छ र अन्त्यमा यस अध्यनयको क्रममा साभार गरिएका सन्दर्भसामग्रीहरूको सूची समावेश गरिएको छ ।

# अध्याय–२

## पूर्वसाहित्यको समीक्षा

### २.१ सैद्धान्तिक पृष्ठभूमि

### २.१.१ जाति एक परिचय

जाति वा जात शब्दले कुनै कुलमा जन्मेको कारणले पाएको मर्यादाभेद, वर्णराङ्करत्व र पेशातत्त्वलाई अगाल्छ । जात हिन्दू धर्म दर्शनको वर्ण व्यवस्थामा आधारित एक स्तरीकृत प्रणाली हो । व्यक्तिको सामाजिक गतिशीलता, स्थिति र भूमिकालाई निर्धारण गर्ने तत्त्व हो । जातले कुनै पनि व्यक्तिको सामाजिक स्थितिलाई निर्धारण गर्छ । अर्को अर्थमा जात जन्मले निर्धारण गर्ने, सांस्कृतिकरूपले भिन्न, गोत्र, वंश, वर्ण, रगत आदिको आधारमा सामाजिक व्यक्तिहरूलाई सामाजिक सम्बन्ध, समूह, संरचना तथा व्यवस्थाको विभिन्न तहमा स्तरीकरण तथा विभेदिकरण गर्ने प्रणाली हो । यसले एक विशिष्ट मानवीय समाजमा व्यक्तिको उँचो र निचो प्रभूत्व र पराधिनता, विभिन्नता र असमानताको स्थितिलाई सङ्केत गर्दछ । जात समाजभित्र मानिसलाई एकआपसमा विभेदीकरण गर्ने व्यवस्था हो (शर्मा, २०५६ : ४५) ।

नेपाल जातजाति भाषाभाषीहरू र संस्कृतिको धनी देश हो । विभिन्न जातजातिहरूमा उनीहरूको आफ्नै भाषा र संस्कृतिहरू रहेका छन् । जुन भाषाभाषीहरू र जातजातिहरूको नेपालमा विशेष महत्त्व रहेको छ । नेपालमा जातजातिलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ब्राह्मण र क्षेत्री उच्च जात मानिन्छन् भने वैश्य र शुद्र तल्ला जातहरू मानिन्छन् । शुद्र जातिहरूसँग माथिल्ला जातिको छुवाछुत र पानी नचल्ने परम्परा रही आएको छ ।

### २.१.२ मुसलमानहरूको संक्षिप्त परिचय

मुस्लिम धर्मका संस्थापक हजरत महम्मद दिए । यिनको जन्म ५७० ई. मा मक्कामा भएको थियो । उनका बाबुको उनी जन्मनुभन्दा केही समय अगाडि नै मृत्यु भएको थियो । उनी ६ वर्षको हुँदा उनकी आमाको पनि मृत्यु भएकोले हजरत महम्मदको पालन पोषण

उनका हजुरबुबा र काकाले गरेका थिए । हजरत ८ वर्षको हुँदा उनका बाजेको पनि मृत्यु भएकाले उनी काका अबुतालिबको घरैमा बसी जीवन बिताउन थाले । त्यस बेला मक्कामा कुनै विद्यालयहरू नभएकाले उनी अशिक्षित नै थिए (चालिसे, २०५८ : ३८८) ।

तात्कालीन अवस्थामा अरबका कृषकहरूमा धार्मिक चेतना पूर्ण रूपले विकास भएको थिएन । उनीहरू बहुदेवतावादमा विश्वास गर्थे । सबैलाई अल्लाहका सन्तान मानी पूजा गर्थे । इस्लाम धर्मका देवतालाई अल्लाह भनिन्छ । अरबीहरू छैटौ शताब्दीसम्म अज्ञानी, अन्धविश्वासी थिए । एक आपसमा एकताको भावनाको अभाव थियो । मूर्ति पूजा गर्दथे । विशेषतः कावाको कालो पत्थरलाई स्वर्गबाट झरेको ठानी प्रतिवर्ष त्यसको पूजा गर्दथे । यसै बीच उनले खादिजातामकी धनी विधवा स्त्रीसँग विहे गरे । उनी आफ्ना धार्मिक सोचाइलाई ठोस रूप दिन धर्मका बारेमा गहिरो अध्ययन गर्न थाले । उनी चिन्तनरत भएका बखत उनलाई ईश्वरीय प्रेरणा प्राप्त भयो । उनले यो आवाज सुने 'चुनिएका मध्ये तिमी एक हौ । अब आफूलाई ईश्वर भनाऊ' यसरी उनलाई देववाणीहरू प्राप्त हुन थाले । उनको आफ्नो नवीन विश्वास र धारणा खारिन गयो । हजरत महम्मदद्वारा प्रतिपादित इस्लामी विचार धाराले यी अरबियनहरूलाई संगठित गऱ्यो र उनले भने ईश्वर सर्वश्रेष्ठ छ र एउटै छ, ती अल्लाह हुन्, मूर्तिपूजा बेकार हो आदि । उनको धर्म इस्लाम अर्थात् अल्लाहको अनन्य भक्त र अनुयायीहरू चाहिँ मुसलमान अर्थात् धर्मप्रति वा अल्लाहप्रति इमान राख्ने भनिन थालिए । यो घटना थियो इ.सं. ६१६ को । जब उनले कावामा गएर एकेश्वर वादको उपदेश दिन थाले । अरबीहरूले उनको विरोध गरे । विरोधको कारण महम्मद भागेर मदिना पुगे । यो घटना ६२२ ई.सं को हो । यो हेजरी ( संघर्ष) को वर्षको रूपमा मानिन्छ र मुस्लिम सम्बतको थालनी यसै वर्षदेखि भएको मानिन्छ । उनी केही वर्ष मदिनामै बसे । त्यहाँ उनका अनुयायी निकै भए यसपछि उनका अनुयायीका साथ ६३० ई.सं. मा मक्का कब्जा गर्न सफल भए । कावाको कालो पत्थर लगायत सबै मूर्तिहरू तोडिए । यसपछि लगत्तै उनी उदिता नै फर्के । उनले आफ्नो धर्म सम्बन्धी एक ग्रन्थ बनाए । जसलाई कुरान सरीक भनिन्छ । एक पञ्चाङ्ग पनि निर्माण गरेका थिए । आखिर ६३० ई.सं. मा महम्मदको निधन भयो । उनले सारा अरवियनलाई राष्ट्रियताको सुत्रमा बाँधिदिए (चालिसे, २०५८ : ३८९) ।

महम्मदले एक विशिष्ट भक्तिभाव जनाउने 'इस्लाम' शब्दको प्रयोग गरे। इस्लाम शब्द अरबी शब्द हो, जसको अर्थ आज्ञापालन अर्थात् जीवनभरि अल्लाहको आदेशानुसार हिड्नु र प्रत्येक काममा उसको तावेदारी गर्नु। यसरी कुरानमा निश्चित गरिएका वा अल्लाहको दूतले निर्देशन गरेको बाटोमा हिड्ने र सधै अल्लाहकै सेवक हुने व्यक्ति नै मुसलमान हुन् (अधिकारी र घिमिरे, २०५९ : २२०-२२१)।

प्रत्येक मुस्लिमले अल्लाहको आज्ञा पालना गर्नुपर्छ। इस्लाम धर्मले मानिसहरूलाई उसको प्रत्येक कार्यमा आज्ञाकारी सेवक भई विशेष किसिमका नियम पालना गर्नुपर्ने अनिवार्यता गरिदिएको छ। यी नियमको परिधिभित्र नरहेसम्म आफ्ना सम्पूर्ण जीवनकार्यहरूमा कुनै पनि व्यक्ति अल्लाहको सेवक भएर बस्न सक्दैनन्। अल्लाहको इच्छा विरुद्ध कुनै पनि काम नगर्नु र अल्लाहको दास भएर उनैप्रति आफूलाई समर्पित गराउनु नै मुस्लिमको कर्तव्य हो र इस्लाम शब्दको पर्यायवाची शब्द मुस्लिम हो र इस्लाम धर्मको मुख्य उद्देश्य ईश्वरको इच्छामा शरण  लिनु हो। यही बाटोमा अगाडि बढेमा मात्र मोक्ष संभव छ भन्ने विश्वास उनीहरूमा छ। मुस्लिम धर्मको पवित्र ग्रन्थ कुरान हो। कुरानमा पैगम्वर मोहमदले सर्वप्रथम पाएको देवदूत ग्रेवियल दिव्य दर्शन तथा अनुभूति उल्लेख गरेका छन्। पैगम्वर मोहमदको मृत्युपछि विभिन्न ग्रन्थहरूको साथै दुईमत खडा भयो। ग्रन्थलाई मान्नेहरू सुन्नी र नमान्नेहरू सिया भनिन थालियो। यसरी मुसलमानहरू दुई भागमा विभाजित भए। यिनीहरू एक अर्कामा घृणा गर्दछन्। यी दुई वरेली र देउवन्दी हुन्। यो विभाजन भएका दुई सम्प्रदायमा सिया र सुन्नीहरू मध्ये नेपालका मुसलमानहरू प्राय सुन्नी सम्प्रदायका हन्फी शाखाका अनुयायी छन् (बराल, २०६१ : ३८८)।

यिनीहरूको समाज धार्मिक गुरु पुरोहित (इमान) द्वारा नियन्त्रित हुन्छ। समाजमा धार्मिक गुरु, पुरोहित (इमान) द्वारा नै सबै शुभकार्यको शुरुवात गरिन्छ। इमान, सुल्लाह र मौलवीको निर्देशनको सबैले पालना गर्दछन। मुसलमानहरू आफ्नो समुदायभित्रको अनुशासन पालना गर्न, झगडा मिलाउन र सार्वजनिक कल्याणको व्यवस्था गर्न आफ्नै संगठन वनाएका छन्। यसरी धार्मिक र सांस्कृतिक रूपमा आफ्नो छुट्टै पहिचान दिने मुसलमानहरू आज संसारका प्रायः सबै देशमा वसोवास गर्दछन्। खासगरी साउदी अरेविया, इरान, इराक, टर्की, लिविया, इजिप्ट, ब्रुनाई, अफगानिस्तान, पाकिस्तान, मोरक्को,

यमन आदि देशमा ९०-९५ प्रतिशत मुसलमानहरू वसोवास गर्दछन्। इण्डोनेसिया, मलेसिया, अल्जेरिया, युजविक स्थान आदि देशमा ८० प्रतिशतभन्दा बढी मुसलमानको बस्ती छ। सुडान, काजकिस्तान काश्मीरमा ४०-७० प्रतिशत मुसलमान बस्छन्। यसै गरी गरी स्पेन, इथियोपिया र दक्षिण अमेरिकाका केही राष्ट्रहरूमा १०-३० प्रतिशत मुसलमानहरूको बस्ती छ। चीन, भारत, अमेरिकी महादेशको केही भाग लगायत नेपालमा १-१० प्रतिशत मुसलमानहरूको वसोवास छ। इरान र इराकमा बढी सुन्नी सम्प्रदायका मुसलमानहरू छन् (बराल, २०६१ : ३८८)

नेपालको कुरा गर्दा हालसम्म ७५ जिल्ला मध्ये ६७ जिल्लाहरूमा मुसलमानहरू केही न केही मात्रामा वसोवास गर्दछन्। सबैभन्दा बढी तराई, उपत्यका र केही पहाडमा पनि मुसलमानहरूको बस्ती छ। नेपालका तराईका जिल्लाका केही ठाउँहरूमा सिया सम्प्रदायका मुसलमानहरू छन् र तर प्राय गरी सुन्नी सम्प्रदायका मुसलमानहरूको वसोवास छ। मुलमानजातिमा जातको आधारमा कुनै व्यक्तिलाई ठूलो र सानो मानिदैन। प्रमुख चार जातिमा भने विभाजन गरिएको छ। नेपालका मुसलमानहरू खासगरी दुई वर्गमा विभाजित छन्। पहिलो वर्गमा सैयर्द, सेख, पठान र मुगल भन्ने चार थरिका हुन्छन्। सैर्यद र सेख अखका सन्तान हुनाले इस्लाम धर्मका संस्थापक मोहम्मदको काल देखिनै इस्लाम धर्मावलम्वी हुन् भन्ने विश्वास गरिन्छ। त्यसपछि पठान भन्नेहरू अफगानिस्तानबाट आएका र मुगल भन्नेहरू उहिलेका तुर्कहरूका सन्तान हुन् भनिन्छ। दोस्रो श्रेणीका मुसलमान यहीँ पछि मुसलमान तुल्याएका भारतीयहरूका सन्तान हुन् उनीहरूको आफ्नै खालको वर्गीकरण छ। अन्सारी, सब्जी, फरोस धोवी, नवाफ, मोची आदि पहिलो समूहमा पर्छन। पश्चिम पहाडका मुसलमानहरूमा मिया र फकिर भन्ने दुईथरी हुन्छन् (विष्ट, २००२ : ९१-९२)।

यिनीहरू धर्ममा धेरै निष्ठावान् रही महम्मदको शिक्षा पछ्याउने गर्छन्। इस्लामिक हिजरी तथा इस्लामिक क्यालेण्डर (लुनार) अनुसारका तिथि मिति गणना गर्दछन्। इस्लामिक दर्शनअनुसारका चाडपर्वहरू मनाउँछन्। यिनीहरूको विस्तृत विवरण यसैभित्र परिच्छेदहरूमा उल्लेख गरिएको छ। मुसलमानहरू धर्म ग्रन्थको पाठ गर्न विभिन्न ठाउँमा मस्जिद वनाउँछन्। मस्जिदमा गई नमाज पढ्छन्। विहे गर्ने चलन अरू जातिकोभन्दा

भिन्नै छ । विहेका लागि केटाकेटी खोज्दा एउटै आमाका दूध खाएका दाजुभाइ र दिदीबहिनीबाहेक अरू सबै प्रकारका दिदीवहिनीले दाजुभाइसँग विहे गर्नु हुन्छ भन्ने मान्यता छ तर आफ्नो सामाजिक मान्यता र आर्थिक स्तरभित्र रहेर मात्र विहेवारी गर्ने व्यवहारिक चलन भने छँदैछ । विहेमा केटा र केटीको बीच सम्झौता पत्र गर्नुपर्दछ । पछि तलाक वा सम्बन्ध विच्छेद गर्नुपरेमा सम्झौतामा लेखिएको रकम केटाले तिर्नुपर्छ । इस्लामिक कानुनमा पुरुषलाई वहुविवाह गर्न छुट दिइएको छ । मुसलमानहरू मूर्दालाई धोइ पखाली सफा गरेर कपूर चन्दन आदि अनेक प्रकारका सुगन्ध लगाई चिहानमा लगेर गाड्छन् र आर्थिक हैसियत हुनेहरूले त्यसमाथि स्मारक पनि बनाइदिन्छन् (विष्ट, २००२ : ९०-९३) ।

नेपालमा मुसलमानहरू कहिलेदेखि प्रवेश गरे त भन्ने सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न खालका विचारहरू राखेका छन् । उनीहरूका अनुसार राजा रत्न मल्लको पालामा कास्मिरी मुसलमानहरू काठमाडौं उपत्यकामा प्रवेश गर्ने पहिलो टोली थियो र उनीहरू व्यापारिक उद्देश्यले आएका थिए । दोस्रो समूहका मुसलमानहरू मल्ल र राजाको न्याय लयमा लेखनदासको प्रयोजनको लागि प्रताप मल्लको समयमा ल्याइएका थिए । तेस्रो समूहका मुसलमानहरू बाइसे-चौविसे राज्यको पालामा सैनिक प्रयोजन, हातहतियार निर्माण, व्यापार तथा कृषि प्रयोजनका लागि आए र पछि यहीँ स्थायी रूपमा वसोवास गरे । चौथो समूहका मुसलमानहरू इ.सं. १८५७ को भारतीय सिपाही विद्रोह असफल भएपछि शरणार्थीको रूपमा आएर नेपालमा शरण लिई वसेका थिए ।  अर्को पाँचौ समूहका मुसलमानहरू १९ औं शताब्दीको मध्यतिर नेपाल सरकारले तराईमा कृषि, विकास गर्न स्थायी वसोवास गराउने नीति तय गरेको थियो । सोही प्रयोजनका लागि त्यसबेला पनि प्रशस्त मुसलमानहरू नेपालको तराईमा प्रवेश गरेका थिए (बराल, २०६१ : २१-२२, थापा, १९९७ : ६) ।

### २.१.३ तनहुँ जिल्लाको किहुँ गा.वि.स. का मुसलमानहरूको इतिहास

ल्हासाबाट मनाङ हुँदै तनहूँको बसन्तपुर गा.वि.स.को पूर्कोट भन्ने गाउँमा करिव एक शताब्दी जति बसोबास गरिसकेपछि खातथोक, घिरिङ, सुन्धारा र गजरकोटको वैडी भन्ने ठाउमा २० वर्ष बसेर करिब वि.स. १६१३ मा तनहूँ जिल्लाको किहूँ गा.वि.स. वडा नं. ५

हालको मियागाउँ भन्ने ठाउँमा आएर सर्वप्रथम बसोबास गरिएको स्थानीय मुस्लिम जानकारहरू बताउँछन् । यिनीहरूमा सोरकी, खाते, द्वाबारे, गोर्खाली, रामपुरे गरी पाँचमूलबाट आएका हुन् । यिनीहरूको सात पुस्ता नाघिसकेको छ र ४५ घरधुरी यहाँबाट अन्तै बसाइसराइ गरिसकेका छन् । मियागाउँमा हाल तीनवटा मस्जिद रहेका र पहिलो (पुरानो) मस्जिदको लम्वाई चौडाई ३५ हात, उचाई ३० हात र ४ तलाको थियो । उक्त मस्जिद बनाउँदा मूल खामो हाल नवलपरासीको वुलिनटारबाट धार्मिक विधिबाट ल्याइएको थियो । उक्त खामोको अर्धव्यास १० इन्ची रहेको थियो । सोही मस्जिदको निर्माणपश्चात् मियाहरू उक्त ठाउँमा विधिवत रूपमा बसोबास गर्दै आएको कुरा बताइएको छ (सिद्धिक मिया र जोहोरदिन मियाबाट जानकारी प्राप्त) ।

### २.१.४ **नेपालमा मुसलमानहरूका वसोवास स्थलहरू**

नेपालका ७५ जिल्ला मध्ये ६७ जिल्लामा मुसलमान बस्ती भएको पाइन्छ । तराइमा धेरै मुसलमान बस्तीहरू छन् । तिनीहरूमा विराटनगर, वारा, पर्सा, रौतहट, चितवन लगायतका ठाउँमा वसोवास गरेको देखिन्छ । पहाडका मुसलमानहरू तनहूँ, कास्की, स्याङ्जा लगायतका अन्य पहाडी भू-भागमा वसोवास गरेको पाइन्छ । पहाडका मुसलमानहरू भारतको जम्मु कस्मीरबाट आएका हुन् भन्ने अनुमान छ । स्याङ्जामा उनीहरूका जिजुबाजेहरू करिव ४०० वर्ष अगाडि आएको मानिन्छ । स्याङ्जाको पहिलो मुसलमान बस्ती दार्सिङ्ग दहथुमलाई मान्न सकिन्छ । पश्चिम दैलेखबाट डोटी, जाजरकोट हुँदै आएका मानिने मुसलमानहरूको पुरानो बस्ती कुलवाँध, इन्द्रेश, जिङडी, राङभाङ र करुडलाई मान्न सकिन्छ । ती ठाउँ बाहेक वालिङ नगरपालिकामा वालिङ वजार रामवाच्छा, मिर्दी, वायाँटारी, गल्याङ वजार, जगत्रदेवी, मिर्मि, चापाकोट, ओरेष्टे, रत्नपुर, मग्याम चिसापानी, सेतीदोभान, पञ्चमूल, आरुचौर, अर्जुनचौपारी, दार्सिङ दहथुम, उपल्लो भिरकोट, मनकामना, वयरघारी, जस्ता मुसलमान बस्तीहरू स्याङ्जा जिल्लामा रहेको छन् । यी लगायत पाल्पाको रामपुरमा पनि मुसलमानको बस्ती रहेको छ । यसका अलावा विभिन्न कारण एवम् सुविधाको खोजीमा मुसलमानहरूको वसाइँसराइ तीव्र गतिमा बढेकोले यिनीहरूको बस्ती अझ बढी रहेको छ (शर्मा, २०६४ : ३८) ।

## २.२ पूर्व साहित्यको समीक्षा

नेपालमा बसोबास गर्ने मुस्लिमहरू विभिन्न अध्ययनकर्ता, विद्यार्थीहरू र अनुसन्धान कर्ताहरूको विषयवस्तु बनेका छन्। त्यस्ता कतिपय अध्ययनहरू समाजशास्त्री र मानवशास्त्री अथवा यीसँग सम्बन्धित विद्यार्थीहरूले शोध लेखनको क्रममा गरेको देखिन आएको छ। यस्ता कृतिहरूको यहाँ छोटकरीमा समीक्षा गर्ने प्रयास गरिएको छ।

गुरुङ् (२०६०) ले मियापाटन पोखराका मुसलमानहरूको ऐतिहासिक अध्ययन गर्दा मुस्लिम धर्म मान्ने धर्मावलम्बीहरू मुसलमान भएको र उनीहरूको धर्म अरू धर्मको तुलनामा कठोर भएको उनीहरूमा अति धार्मिक सहिष्णुतामा भएको र छरछिमेकमा मर्दा पर्दा गैर मुसलमानहरूलाई हार्दिकतापूर्वक सहयोग गरेको बताएका छन्।

श्रेष्ठ (२०६४) ले मियापाटन पोखराका विवाहित मुस्लिम महिलाहरूको गर्भपतन र परिवार नियोजन बारेको दृष्टिकोण भन्ने एक अध्ययन गरेकी छिन्। उनका अनुसार मियापाटन पोखराका मुस्लिमहरूमा संस्कृतिकरण भएको र उनीहरूमा गैर मुस्लिम समुदायको छाप पर्दै गएकोले उनीहरूले उक्त संस्कृति ग्रहण गरेको र आफ्नो मूल्य मान्यतामा पनि केही हदसम्म भए पनि मनस्थिति बदलेको, आफ्नो पोशाकका अलावा अरू जात जातिका पोशाक एवं नेपाली पोशाक पनि लगाउने गरेका र आफ्नो शिक्षाको अलावा नेपाल सरकारले लागू गरेको शिक्षा पनि पढेका र अङ्ग्रेजी शिक्षामा पनि उनीहरू अध्ययन गर्ने यसका साथै गर्भपतन र परिवार नियोजन सम्बन्धमा पनि मुस्लिम महिलाहरू केही लचिलो देखिएको जनाएका छन्। जसमा परिवार नियोजनका साधन प्रयोग गर्ने संख्या न्यून भएको र त्यसमा श्रीमान्को पूर्ण सहयोग चाहिने कुरा व्यक्त गरेकी छन्। साथै उनीहरूमा वालविवाह हुने गरेकोमा सो प्रणाली विस्तारै हट्दै गएको कुरा आफ्नो अध्ययनमा जनाएकी छन्।

शर्मा (२०६४) ले स्याङ्जा पुतलीवजार नगरपालिका ९ सतौं गहतेमा रहेका मुसलमान जातिको सामाजिक आर्थिक अवस्था नामक शोध पत्रमा अध्ययन गर्दा नेपालमा विविध जात जाति भाषा भाषी र संस्कृति भए पनि अनेकतामा एकता भएको र जसले गर्दा नेपाल संस्कृतिको धनी वनेको छ भनेकी छन्। नेपालका विविध जातिमध्ये मुसलमान पनि आफ्नै किसिमको महत्त्व वोकेको जाति हो र नेपाल सरकारको नियम कानूनको परिधीमा

मुसलमानहरू रहेको बताउँछिन् । उनीहरूले आफ्नो परम्परागत धर्म संस्कृतिको तथा इस्लामी जीवनशैलीअनुसारको प्रारम्भिक ज्ञान दिन तथा लेख्न पढ्न सिकाउन आफूहरूकै तर्फबाट धार्मिक विद्यालय (मदरसा) संचालन गरेका छन् । पुरुषहरू वैदेशिक रोजगारमा गए पनि महिलाहरू गएका छैनन् भने उच्च शिक्षा हासिल गर्नेको संख्या अति न्यून आजको एक्काइसौं शताब्दीमा पनि यहाँका वासिन्दाहरू परम्परागत रुढिवादी र अन्धविश्वासी र अनावश्यक विभेदकारी व्यवहार सङ्कीर्ण परम्परा उनीहरूमा हालसम्म पनि व्याप्त रहेको अध्ययनकर्ता वर्णन गर्दछिन् । यहाँका महिलाहरू घरबाट बाहिर खासै निस्कन नरुचाउने र मानिसको जन्म ईश्वरको इच्छामा भर पर्ने भएकीले यसलाई रोक्नु ईश्वरको इच्छा विपरीत हुने र परिवार नियोजनलाई इस्लाम धर्मअनुसार हराम काम मानिने हुनाले मुसलमानहरू आफ्नो धर्मको विरुद्धमा कामहरू गर्न नरुचाउने कुरा उल्लेख गरेकी छन् ।

बराल (२०६४) ले तनहूँ जिल्लाअन्तर्गत सतिस्वाँरा गा.वि.स.का मुसलमानहरूको ऐतिहासिक सामाजिक तथा आर्थिक अवस्था एक अध्ययनमा नेपालमा पृथक पृथक जातजाति र धर्महरू भए पनि यिनीहरूमा वैमनस्यता नभएको र धार्मिक सहिष्णुता भएको जनाउँदै नेपाल ४ जात ३६ वर्णको फूलवारीमा एउटा फूल मुसलमानहरू भएको दावी गरेका छन् । साथै राष्ट्र निर्माण तथा राष्ट्रिय संस्कृति निर्माणमा समान कर्तव्य निर्वाह गर्दै आएका मुसलमान जातिहरू आफ्नो धर्म संस्कृति र जातीय पहिचान पनि कायम राखेका छन् । आफ्नो परम्परागत धर्म संस्कृतिको तथा इस्लामिक जीवनशैलीअनुसारको प्रारम्भिक ज्ञान दिन लेख्न पढ्न सिकाउन आफ्नै स्कुल मदरसा स्थापना गरेतापनि शिक्षा दिक्षा र अरू क्षेत्रमा पिछडिएका र सरकारी निजामति सेवामा कार्यरत कर्मचारी अति नै न्यून रहेका र वैदेशिक रोजगारमा संलग्न भएका र परम्परावादी रुढिवादीताले अन्धविश्वासी र धार्मिक कट्टरपन पनि यिनीहरूमा रहेको र महिलाहरू अरू जातिको तुलनामा अति नै पिछडिएका यस अध्ययनमा बताइएको छ ।

"सबै जातको फूलवारी" भन्ने चर्चित पुस्तकमा नेपालका अग्रणी मानवशास्त्री डोरवहादुर विस्टले "हामी मुसलमान" शीर्षकमा नेपालका मुसलमान जातिको नेपाल आगमन वसोवास भाषा, धर्म, थर, संस्कृति, खानपिन, भेषभूषा, रीतिरिवाज, परम्परा, रहनसहन मुसलमानहरूका चाडपर्व र सामाजिक संस्कारका बारेमा उल्लेख गरेका छन् । नेपालको जातीय फूलवारीमा मुसलमान जाति पनि एउटा फूल हो भनी उल्लेख गरेका छन् (विस्ट, २००२ : ९०-९३) ।

जिल्ला विकास समितिको कार्यालय सूचना तथा अभिलेख केन्द्र, स्याङ्जाबाट प्रकाशित "स्याङ्जा जिल्ला एक चिनारी २०६४" तथा जिल्ला विकास योजना २०६२।२०६३अनुसार स्याङ्जा जिल्लामा मुसलमान जातिको जनसंख्या १८३५ र इस्लाम धर्मावलम्बीको प्रतिशत ०.५८ रहेको तर मुसलमान जातिहरूको ऐतिहासिक सामाजिक र आर्थिक पक्षको बारेमा कही कतै उल्लेख भएको पाइँदैन (स्याङ्जा जिल्ला एक चिनारी, २०६० र जिल्ला विकास योजना, ०६२।०६३) ।

गौतम (२०५९) ले नेपालका मुसलमानहरू मधुर सन्देश मासिक पत्रिका ९-१० मा पनि नेपालका मुसलमानहरूको आगमन, रहनसहन र आगमन कालमा उनीहरूको व्यापारको बारेमा केही उल्लेख गरेका छन् । मुस्लिमको योगदान र भूमिकाको पनि चर्चा गरेका छन् (गौतम, २०५९ : ९-१०) । चालिसे (२०५८) ले नेपालको इतिहास र सभ्यता, इस्लाम धर्म र नेपालमा मुसलमानको आगमन तथा इस्लाम शिक्षाका बारेमा व्याख्या गरेका छन् । पैगम्वर महमदको जीवनी तथा धार्मिक ग्रन्थ र इस्लाम नीतिनियम र इस्लाम कानूनको चर्चा गरेका छन् (चालिसे, २०५८ : ३८७-३९१) ।

तात्कालीन श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय सूचना विभाग मेचीदेखि महाकालीको पृष्ठ १०२७ र १०२८ मा नेपालका विभिन्न जिल्लाका वसोवास गर्ने जातजाति लगायत मुसलमान जातिको बारेमा केही प्रकाश पार्न खोजिएको छ । मुसलमानहरूको बारेमा ऐतिहासिक, धार्मिक, सामाजिक सांस्कृतिक तथा आर्थिक क्रियाकलापको पक्षमा केही प्रकाश पार्ने प्रयास गरिएको छ (मेचीदेखि महाकाली, २०३१ : १०२७-१०२८) ।

सोसियल हिस्ट्री अफ नेपाल, तुलसीराम वैद्य, त्रिरत्न मानन्धर, शंकरलाल जोशीले नेपालका विविध जात जातिको बारेमा वर्णन गर्ने क्रममा मुसलमान जातिको बारेमा पनि उल्लेख गरेका छन् । उनीहरूको आगमन वंशावलीको अनुसार रत्नमल्लको शासनकालमा काठमाडौं प्रवेश गरेका र काठमाडौं मुटुमा राकी वजार बसालेका साथै मुसलमानहरू खास गरी चुरा र श्रृंगारका सामग्रीको व्यापार गर्ने रूपमा चिनिएका थिए भन्ने लेखिएको छ (वैद्य, मानन्धर, जोशी १९९३ : १८) । चेतना सिंह मेहताले मुसलमान महिलाहरूको इस्लामिक कानून सरिफअनुसार अति कठोर छ र स्वआर्जित पैतृक सम्पत्तिमा केही

भेदभाव छैन भनेकी छन् मुसलमान महिलाको बारेमा मात्र उल्लेख गरिएको छ (मेहता, १९९६ : २१)

“ट्राइवल इथ्नोग्राफी अफ नेपाल” मा गौतम र थापामगर (१९९४) ले देशमा रहेका विभिन्न जातजातिका मानिसको बारेमा उल्लेख गर्दै मुसलमान जातिका नेपाल आगमन, वसोवास, जनसंख्या भाषा, थर, भेषभूषा, गरगहना, खानपिन, धार्मिक क्रियाकलाप चाडपर्व, मुस्लिम जीवन पद्धति, सामाजिक संस्कार विवाह जन्मेदेखि मृत्युसंस्कार आदिका बारेमा उल्लेख गरेका छन् (गौतम र थापामगर, १९९४ : ९४-११४) ।

समग्रमा माथि समीक्षा गरिएका साहित्यहरूले यस अध्ययनलाई धेरै प्रकारले सहयोग गरेका छन् । यिनीहरू मार्फत नेपालका विभिन्न क्षेत्रमा छरिएर रहेका मुस्लिमहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अवस्थालाई अध्ययन गर्दै यस किहूँ गाउँका मुसलमानहरूको त्यस खालको अवस्थासँग तुलना गर्ने मौका अध्ययनकर्तालाई प्राप्त भएको छ । साथसाथै मुस्लिम जातिहरूको अध्ययन गर्दा आवश्यक पर्ने सैद्धान्तिक र व्यवहारिक दक्षतालाई अझ परिष्कृत गर्ने सवालमा पनि यी पूर्व कृतिहरू सहायकसिद्ध बनेका छन् । यस अध्ययनले ती अध्ययनहरूको समीक्षा गर्दै तीबाट आफूलाई सकेसम्म पृथक र मौलिक राख्ने प्रयास गरेको छ ।

# अध्याय-३

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनको अध्ययन क्षेत्र तनहूँ जिल्लाको किहूँ गा.वि.स. वडा नं. ५ मियाँ (चुरेटा) गाउँ रहेको थियो । मियाँ गाउँ एक विशुद्ध मुस्लिम जातिहरूको बसोबास भएको स्थल हो । यहाँ मुस्लिम समुदायहरूका मौलिक रहन सहन, चाल चलन, धार्मिकता र सामाजिकताहरू राम्रोसँग देख्न सकिन्छ । यसकारण यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको थियो । साथसाथै यस क्षेत्रमा बसोबास गर्ने मुस्लिमहरूमा महिलाको अवस्था अन्य जातिको तुलनामा कमजोर रहेको पाइन्छ । साथसाथै अध्ययनकर्ता स्वयं यसै क्षेत्रमा जन्मी हुर्की यी मुस्लिमहरूसँग नजिकैबाट संगत गर्ने मौका पाएको हुनाले पनि अध्ययनका उद्देश्यहरूलाई सजिलै पूर्ति गर्न सकिने हुनाले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको थियो ।

## ३.२. अनुसन्धान ढाँचा

यो अध्ययन अनुसन्धान विशुद्ध सामाजिक अनुसन्धान भएको हुनाले र अध्ययन क्षेत्रका मुस्लिमहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक र राजनैतिक अवस्थाको चित्रण गर्न यसमा अनुसन्धान ढाँचाको सवालमा मुलतः वर्णनात्मक अनुसन्धान ढाँचालाई प्रयोग गर्ने कोशिस गरिएको छ । यस अध्ययनको विषयवस्तु छनौट गर्ने समयमा अन्वेषणात्मक अध्ययन ढाँचाको पनि केही हदसम्म प्रयोग गरिएको थियो । यसप्रकार यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुबै अध्ययन ढाँचामा आधारित छ ।

## ३.३ तथ्याङ्कको श्रोत र प्रकृति

मुस्लिम समुदायमा महिलाको अवस्था नामक यस अध्ययनमा प्राथमिक र द्वितीय दुबै खाले श्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू लिइएको छ । लक्षित समूहको विभिन्न अवस्थाहरूबारे बुझ्न उनीहरूबाटै प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । साथसाथै उनीहरू अध्ययन गर्ने विद्यालयहरू, मस्जिदहरू, मुस्लिम धार्मिक

विद्यालयहरू, विभिन्न पुस्तकहरू लेख, रचना, कविता, पत्रपत्रिकाबाट द्वितिय सूचनाहरू लिइएको छ । यी तथ्याङ्कहरू संख्यात्मक र गुणात्मक दुबै खालका रहेका छन् ।

### ३.४. नमूना छनौट विधि

किहूँ गा.वि.स. वडा नं. ५ अन्तर्गतको यस अध्ययनको अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण मुस्लिम परिवारका महिलाहरूले यस अध्ययनको जनसंख्याको संरचना निर्माण गरेका थिए । यस अध्ययन क्षेत्रमा करिब २५० जना महिलाहरू रहेका छन् । उक्त २५० जनाको जनसंख्याबाट ७० जना नमुनाहरू छनौट गरिएको छ । नमुना छनौट गर्ने क्रममा साधारण दैवीय नमुना छनौट विधिको प्रयोग गरिएको थियो । उक्त नमूनामा १० वर्षदेखि माथि र ४० वर्षसम्मका अविवाहित र विवाहित महिलाहरूलाई समेटिएको थियो ।

### ३.५. तथ्याङ्क सङ्कलनका विधिहरू

#### ३.५.१ घरधुरी सर्वेक्षण

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क तथा सूचना लिने क्रममा उत्तरदातासँग सहजिकरणको लागि  प्रस्तावित क्षेत्रमा गई प्रत्येक घरधुरीमार्फत् आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो । उक्त कार्य गर्दा उनीहरूको घरको किसिम, बसाइको अवस्था पनि नजिकबाट अध्ययन गर्ने मौका पाइएको थियो ।

#### ३.५.२ अवलोकन

यस अध्ययनको गन्तव्य भेटाउनको लागि कहिले प्रत्यक्ष सहभागी भएर र कहिले लक्षित व्यक्तिहरूले थाहै नपाउने गरी अर्ध सहभागी भएर यस अध्ययन क्षेत्रमा विषयमा अभिभावक र स्वयम्, लक्षित समूहको प्रत्येक व्यवहार, क्रियाकलाप, हाउभाउ, बोलीचाली भेषभूषा, आचरणजस्ता पक्षहरूलाई नजिकबाट नियाल्ने वा अवलोकन गरिएको थियो । अध्ययनकर्ता स्वयं यसै क्षेत्रको बासिन्दा रहेको हुनाले लामो समयदेखि नै कुनै न कुनै रूपमा यी विषयवस्तुहरूका बारेमा नजिकबाट गरिएको अवलोकन पनि यस अध्ययनमा सहयोगी बनेको छ ।

### ३.५३ अन्तर्वार्ता अनुसूची

यस अध्ययनलाई आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरू जुटाउनको लागि एउटा अन्तर्वार्ता अनुसूची तयार गरिएको थियो । यस अन्तर्वार्ता अनुसूचीमा खुल्ला र बन्द दुबै खालका प्रश्नहरू समाविष्ट गरिएका थिए । यी प्रश्नहरूलाई अध्ययनकर्ताले आफैं उत्तरदाताहरूको प्रत्यक्ष अन्तर्वार्ताका आधारमा भर्ने काम गरिएको थियो ।

### ३.५.४ मुख्य सूचना दाता अन्तर्वार्ता

अध्ययन लक्ष्यबमोजिम सूचना तथा तथ्याङ्क सङ्कलन गर्न प्रस्तावित अध्ययन क्षेत्रका महिलाहरूको पारिवारिक, सामाजिक, शैक्षिक र आर्थिक अवस्थाको बारेमा अझ विशिष्ट जानकारीहरू प्राप्त गर्ने उद्देश्यले सो क्षेत्रका जानकार व्यक्तिहरू, सामाजिक अगुवा वर्ग, जेष्ठ नागरिकहरूलाई  यस अध्ययनमा मुख्य सूचनादाताहरूको रूपमा प्रयोग गरिएको छ । उनीहरूका सूचनाहरूले अध्ययनकर्तालाई विभिन्न सवालमा सही दिशा निर्देश गर्ने काम समेत गरेका छन् ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अन्तर्वार्ता अनुसूचीमार्फत यस अध्ययनको उद्देश्य प्राप्तिको लागि जम्मा गरिएका सूचनाहरूलाई तथा तथ्याङ्कहरूलाई तिनीहरूको प्रकृति र विशेषताका आधारमा सम्पादन, विश्लेषण र प्रस्तुतीकरण गर्ने काम गरिएको छ । संख्यात्मक रूपमा प्रस्तुत गर्न सकिने तथ्याङ्कहरूलाई कम्प्युटर प्रोग्राम SPSS for Windows को प्रयोग गरी विश्लेषण गरिएको छ भने गुणात्मक खालका तथ्याङ्कहरूलाई अध्ययनकर्ताद्वारा आफैंले समीक्षा र व्याख्या गरिएको छ । आवश्यक ठाउँमा साङ्केतीकरण, वर्गीकरण र तालिकीकरण गरिएको छ । साथै सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गरी सामान्य निष्कर्षहरू गर्दै निकाल्दै ग्राफिकल प्रस्तुतीकरणको माध्यमबाट प्रस्तावित विषयको आकार गहिराइसमेत प्रस्तुत गरिएको छ । प्रस्तुतीकरणको सवालमा विभिन्न तालिकाहरू, चित्रहरू र चार्टहरूको समेत प्रयोग गरिएको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा सङ्कलित तथ्याङ्कहरूलाई यथाशक्य समाजशास्त्रीय दृष्टिकोणबाट समीक्षा, विश्लेषण र व्याख्या गर्ने कोशिस गरिएको छ ।

## अध्याय–४

## अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचय

### ४.१ अध्ययन क्षेत्रको परिचय

यस अध्ययनको अध्ययन क्षेत्र तनहूँ जिल्लाको किहूँ गा.वि.स. वडा नं. ५ मियाँ गाउँमा रहेको छ। यसको भौगोलिक र सामाजिक सांस्कृतिक अवस्थिति निम्नानुसारले व्याख्या गरिएको छ।

### ४.१.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति

किहूँ गा.वि.स. तनहूँ जिल्लाको दक्षिणी भागमा अवस्थित छ। यस गा.वि.स. तनहूँ जिल्लाको सदरमुकाम दमौलीबाट करिब ५ घण्टाको पैदल दुरीमा अवस्थित छ। तर हाल आएर यस गा.वि.स. सम्म पुग्ने गरी कच्ची मोटर बाटोको निर्माण गरिएको छ। यसैले अहिले तनहूँ जिल्लाको व्यापारिक केन्द्र खैरेनीटारबाट करिब दुई घण्टाको मोटर यात्रापछि यस गाउँमा पुग्न सकिन्छ। किहूँ गा.वि.स.मा अवस्थित यस अध्ययनको अध्ययन क्षेत्र उत्तर पश्चिमबाट पूर्व दक्षिण फर्केको छ। उक्त क्षेत्र किहूँ गा.वि.स. को वडा नं. ५ मा छ भने उत्तरतिर किहूँ गा.वि.स वडा नं. ४ काहूँले छ त्यस्तै गरी पूर्वतिर किहूँ गा.वि.स वडा नं. ६ दर्काङ र दक्षिणतिर किहूँ गा.वि.स वडा नं ७ छिम्पुक रहेको छ यस्तै पश्चिमतिर किहूँ गा.वि.स वडा नं. ८ हूक्का गाउँ छ।

यो गाउँ भौगोलिक रूपमा एउटा विशुद्ध पहाडी गाउँ हो। मोटर बाटोको निर्माणपूर्व विकटताले जकडिएको गाउँ अहिले सुगमतातिर ढल्कदै छ। यस गा.वि.स.मा खेतीयोग्य जमिनको रूपमा प्रशस्तै बारीहरू छन्। तर भौगोलिक विकटताको कारण र सिंचाईको भरपर्दो स्रोतको अभावमा यस गाउँमा खेत भने छैन।

### ४.१.२ अध्ययन क्षेत्रको सामाजिक/सांस्कृतिक अवस्थिति

तनहूँ जिल्लामा रहेको मिया गाउँ हिन्दू एवं अन्य धर्मावलम्बीहरूभन्दा छुट्टै पहिचान भएकोले जो सुकैलाई अध्ययन अनुसन्धानको एउटा महत्त्वपूर्ण अध्ययन क्षेत्र वनेको छ। नेपाल एउटा भिन्न भाषा, भाषी एवं जात जाति रहेको देश हो। जसरी नेपालमा विभिन्न

भाषा एवं जात जाति छ र त्यसरी नै उनीहरूको समाज र संस्कृति पनि फरक रहेका छन् । विभिन्न जातिका आ-आफ्नै किसिमका जीवन यापन गर्ने शैलीहरू छन् । यहाँका मानिसहरू परापूर्वकालदेखि नै विविध चाडपर्वहरू मनाउदै आएका छन् । चाडपर्वहरूमा मीठा परिकारहरू खाने, राम्रो लुगा लगाउने, पशुहरू वलि दिने, आफ्ना मित्रजनहरूलाई निमन्त्रणा गर्ने, आफू पनि जाने सुख-दु:खका कुरा गरी रमाइलोसँग चाडपर्व मनाउँछन् । चाडपर्वमा समयअनुसारको नाचगान गर्ने चलन पनि छ ।

किहूँ गा.वि.स. मा कुल जनसंख्या ४३८२ रहेका छन् । जस मध्ये १९६६ पुरुष र २४१६ जना महिला रहेका छन् । जहाँ जम्मा घर संख्या ८६३ छन् । अध्ययन गरिएको क्षेत्रमा किहूँ गा.वि.स. वडा नं. ५ मा कुल जनसंख्या मिया गाउँ वडा नं. ५ मा घरधुरी संख्या ८० रहेको र जम्मा मुस्लिम जनसंख्या ४१३ जना रहेका छन् । जसमा महिला २२२ र पुरुष १९१ जना छ । (राष्ट्रिय जनगणना-२०५८) । यस किहूँ गा.वि.स मा मुसलमानका अलावा हिन्दू धर्मावलम्बीहरू पनि वसोवास गर्दछन् । उनीहरूमा ब्राह्मण क्षेत्री, मगर, दमाई, कामी, सार्की हुन् । हिन्दू धर्मावलम्बीहरू पनि विभिन्न किसिमका चाडपर्व मनाउँछन् । चाडपर्वहरू मुख्य त कुनै विशेष व्यक्तिसँग सम्बन्धित हुन्छन् । ती मुख्य चाडहरूमा तीज, वडा दशैं, तिहार, माघे सक्रान्ती, चैते दशै हुन् । यी चाडपर्वमा विशेष देवी देवताको पुजा आराधना गर्ने र बली दिने चलन छ । हिन्दूहरू भएर, नाग पूजा, झाँक्री पूजा भीमसेन पूजा, कूल पूजा, भाइ पूजा, वायु पूजा गर्ने गर्दछन् । किहूँ गा.वि.स. का मानिसहरूको मुख्य पेशा कृषि हो । उक्त कार्यमा मुख्य वाली मकै, धान, कोदो हो भने यसका अलावा उनीहरू फापर, गहूँ, सिल्टीम, मसुरो, आलु, पिडालुको पनि खेती गर्दछन् । यस बाहेक थोरै संख्यामा भए पनि केही व्यक्तिहरू व्यापार व्यवसायमा लागेका छन् । कोही व्यवसायिक खेती पनि गर्दछन् र केही व्यक्तिहरू फलफूलको व्यावसायमा पनि लागेका छन् । यहाँका मानिसहरूको बसोबासको स्थिति भने त्यति मिलेको छैन । कहीँ बस्तीहरू झुप्प छन् भने कहीँ छरिएर रहेका छन् । घरहरूमा काठेघर र ढुङ्गे घर पाइन्छन् भने उनीहरू खर, ढुङ्गा, टिनले घर छाउन प्रयोग गर्दछन् ।

किहूँ गा.वि.स. मा एउटा उच्च माध्यमिक विद्यालय दुईवटा निम्न माध्यमिक विद्यालय र छ वटा प्राथमिक विद्यालयहरू रहेका छन् । भौगोलिक विकटताका कारण अध्ययनको लागि घण्टौं पैदल हिड्नु पर्ने हुन्छ । सबै विद्यालयहरूमा खानेपानी र शौचालयको व्यवस्था भने छैन । जसरी मुस्लिमहरूको आफ्नै भाषा भए झैं मगरहरू आफ्नै भाषा मगर भाषा बोल्छन् भने अन्य जातिहरू राष्ट्रिय भाषा नेपाली नै बोल्दछन् । उच्च पहाडी क्षेत्र भएकोले यस गा.वि.स. मा केही ठाउँलाई छोडेर धेरै ठाउँमा पानीको अभाव भयावह छ । पानीको लागि निकै समय लगाएर पानीको स्रोत सम्म पुग्नु पर्छ भने पुगेर पनि कुर्नु पर्ने समस्या छ । यस गा.वि.स. मा एउटा स्वास्थ्य चौकी छ तापनि उचित सुविधा लिनबाट स्थानीय बासिन्दाहरू वञ्चित छन् । यस बाहेक यस गा.वि.स. मा दुईवटा व्यक्तिगत मेडिकलहरू छन् । त्यहाँ पनि भर पर्दो स्वास्थ्य सुविधा छैन । यस गा.वि.स. का मानिसहरू अझै धामी झाँक्रीको विश्वास मान्दछन् र धामी झाँक्री भने प्रशस्त रहेका छन् । यस गाउँमा सदरमुकामसम्म जोड्ने कच्ची मोटर मार्ग निर्माण भएको छ भने विजुली बत्ती गएको छैन । यस गा.वि.स. का केही मुस्लिमहरू आफ्नो पोशाकमा देखिन्छन् भने अन्य सबैले सामान्य पहिरनमा हुन्छन् । हाल आएर युवा जनशक्ति रोजगारीका लागि ठूलो संख्यामा विदेशिने क्रम बढेको छ ।

## ४.२ उत्तरदाताहरूको परिचय

यस अध्ययनका उत्तरदाताहरूको विभिन्न खालका विशेषताहरूलाई यस प्रकार व्याख्या गरिएको छ ।

### ४.२.१ उत्तरदाताहरूको शैक्षिक स्थिति

सम्बन्धित कार्य क्षेत्रमा मुस्लिम समुदायमा महिलाहरूको शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने अति नै महत्त्वपूर्ण कुराको जानकारी प्रस्तुत तालिकाले दिएको छ । जसबाट उक्त क्षेत्रको महिलाहरूको शैक्षिक अवस्था छर्लङ्ग देख्न सकिन्छ ।

**तालिका ४.१ मुसलमान समुदायमा उत्तरदाताहरूको शैक्षिक स्थिति**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १३ | १८.६ |
| साक्षर | ११ | १४.७ |
| उच्च एस.एल.सी. | ३७ | ५२.८ |
| निम्न एस.एल.सी. | ७ | १०.० |
| उच्च शिक्षा | २ | २.९ |
| **जम्मा** | ७० | १०० |


*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

तालिका ४.१ अनुसार १८.६% उत्तरदाताहरू निरक्षर छन् भने जम्मा १५.७% उत्तरदाताहरूले सामान्य लेखपढ गर्न सक्छन् भन्ने एस.एल.सी. उत्तीर्णको प्रतिशत ५२.८ छ र एस.एल.सी. उत्तीर्ण नहुने १०.० प्रतिशत रहेका छन् । तालिकाले देखाएअनुसार जम्मा २.९ प्रतिशत मात्रले उच्च शिक्षा हासिल गरेको जानकारी भएको छ । तालिकामा देखिएअनुसार आजको २१ औं शताब्दीमा पनि १३ प्रतिशत उत्तरदाताहरू निरक्षर देखिनु अतिनै दयनीय अवस्था हो । जसले उनीहरूको हरेक क्षेत्रको अवस्था अति कमजोर छ भन्ने कुरा स्पष्ट सङ्केत गरेको छ ।

### ४.२.२ उत्तरदाताहरूको वैवाहिक स्थिति

यस अध्ययनका उत्तरदाताहरू किहूँ गा.वि.स. का मुसलमान परिवारहरूका महिलाहरू भएका हुनाले विवाहित र अविवाहित दुबै खालका उत्तरदाताहरू समाविष्ट गरिएका छन् । तलको तालिकाले यस अध्ययनका उत्तरदाताहरूको वैवाहिक स्थितिलाई प्रष्ट पार्दछ ।

**चित्र ४.१ मुसलमान समुदायमा उत्तरदाताहरूको वैवाहिक स्थिति**




*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको चित्रअनुसार यस अध्ययनका ७० उत्तरदाताहरूमध्ये ६० प्रतिशत उत्तरदाताहरू विवाहित रहेछन् भने ४० प्रतिशत चाहिँ अविवाहित रहेछन् ।

### ४.२.३ उत्तरदाताहरूको परिवारको आर्थिक स्थिति

मानिसको जीवनयापन सञ्चालन गर्न अर्थको निकै महत्त्व रहेको छ । अर्थको आधारमा नै मानिसको जीवन कति सुगम हुन्छ भन्ने कुरा भर पर्दछ । उसले खाना खाने, बस्ने, मनोरञ्जन गर्ने, शिक्षा दीक्षा कस्तो कसरी लिने भन्ने कुरा धनसम्पत्तिले अति नै प्रभाव पार्छ । भनिन्छ धनले पनि मानिसको आँखा खोल्छ । त्यसैले यस शोध पत्रमा थोरै भए पनि यसको महत्त्वलाई स्वीकारेर यस शोध पत्रमा राखिएको छ ।

**तालिका ४.२ मुसलमान समुदायमा प्रति घरधुरीको मासिक आम्दानी**

| | | |
|---|---|---|
| रु ३००० भन्दा मुनि | २६ | ३७.१ |
| रु ३०००-५००० सम्म | ६ | ८.६ |
| रु ५०००-७५०० सम्म | ३ | ४.३ |
| रु ७५००-१०००० सम्म | १९ | २७.१ |
| रु १०००० भन्दा माथि | १६ | २२.९ |
| **जम्मा** | ७० | १००.० |

*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको तालिका मुस्लिम समुदायका परिवारमा मासिक आम्दानी कति छ भनेर अध्ययन गरिएको हो । जसमा रु ३००० भन्दा मुनि आम्दानी हुने ३७.१ प्रतिशत रु ३०००-५००० सम्म आम्दानी हुनेमा ८.६ प्रतिशत ५०००-७५०० सम्ममा ४.३ प्रतिशत, ७५००-१०००० सम्ममा २७.१ प्रतिशत र रु १०००० भन्दा माथिमा २२.९ प्रतिशत तथ्याङ्क आएको छ । अहिलेको उपभोगमूखी प्रवृत्ति, उत्पादनमा कार्य भइरहेको परिवेशमा रु ३००० भन्दा कम आम्दानी हुने घर धुरीको प्रतिशत ३७.१ रहन्छ र उक्त परिवारमा परिवार संख्या अत्यधिक बढी हुनुले उनीहरूको जीवन निकै कष्टकर भएको र उक्त गरिवीले मानवीय सम्पूर्ण क्षेत्रमा प्रभाव पारेको हुन सक्छ ।

### ४.२.४ उत्तरदाताहरूको परिवारको आकार र संरचना

मुलत एउटै छानामुनि बस्ने र एउटै भान्छामा खाना खाने मानिसहरूको समूहलाई परिवार भनिन्छ । कस्तो प्रकारको परिवार हो र कस्तो परिवारमा छोराको भूमिका एवं महत्त्व र छोरीबुहारीको स्थान र अवस्था हुने भन्ने बारेमा केही कुरा परिवारको किसिमले पनि निर्धारण गर्ने हुँदा यस शोधपत्रमा परिवारको सानो प्रसङ्ग थपिएको छ ।

**तालिका ४.३ मुसलमान समुदायमा परिवारको आकार**


| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| तीन | ५ | ७.१ |
| ४ भन्दा बढी | ६५ | ९२.९ |
| **जम्मा** | ७० | १००.० |

*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको तथ्याङ्कअनुसार तीन वा तीनजनासम्म जहान हुने घर धुरीको ७.१ प्रतिशत भने ४ देखि ६ सम्मका जहानहरू वा त्यो भन्दा धेरै जहान हुने घरधुरीको ९२.९ प्रतिशत तथ्याङ्क देखिएको छ । तालिकामा ९२.९ प्रतिशत तथ्याङ्क देखिनुको अर्थ धेरै घरधुरी संख्या ४ जना भन्दा बढी जहान हुनु हो । त्यसैले अध्ययन गरिएको अध्ययन क्षेत्रमा धेरै

परिवार सयुक्त परिवार रहेको प्रष्टिएको छ। संयुक्त परिवारमा छोराको महत्त्व बढी हुने र उक्त परिवारमा महिलाको अवस्था छोराको तुलनामा न्यून हुन्छ। यस अध्ययनले मुस्लिम समुदायमा भएको परिवारिक संरचना बारेमा पनि बुझ्ने चेष्टा गरिएको छ। जसको तथ्याङ्क तलको तालिकामा उतारिएको छ।

**चित्र ४.२ मुसलमान समुदायमा पारिवारिक संरचना**




*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा एकात्मक परिवारको ४२.९ प्रतिशत रहेका छ भने संयुक्त परिवारको ५७.१ प्रतिशत रहेको छ। प्रस्तुत चित्रबाट के जानकारी हुन्छ भने अध्ययन गरिएको अध्ययन क्षेत्रमा एकात्मक परिवारको तुलनामा संयुक्त परिवारको परिवार संख्या बढी छ। संयुक्त परिवारमा जहानहरू धेरै हुने हुँदा महिलाको महत्त्व कम हुन्छ। यस अध्ययनमा सामाजिक कार्यमा कसको के-कति सहभागिता हुने, कसको कस्तो भूमिका हुने, कसको निर्णय लागू हुने भनेर जानकारी लिइएको छ। जसमा सामाजिक कार्य गर्न महिलाहरू जाने वा नजाने भन्ने बारेमा गरिएको अध्ययनको निष्कर्ष यस तालिकामा दिइएको छ।

## अध्याय-५


# मुस्लिम समुदायका महिलाको शैक्षिक अवस्था

मानव जातिको जीवनमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा सर्वविदितै छ । मानवको सर्वाङ्गीण विकासको लागि शिक्षा अत्यावश्यक छ । आजको वैज्ञानिक र परिवर्तित युगमा विना शिक्षाको मानव कुहिरोको काग जस्तै अल्मलिई गन्तव्यमा पुग्नको लागि धेरै बाधा अड्चनहरू आइलाग्छन् । त्यसैले शिक्षा मानव जातिको लागि अभिन्न अंग हो ।

### ५.१ उत्तरदाताको परिवारमा महिलालाई दिइने शिक्षाको स्थिति

कुनै पनि क्षेत्रमा जो कोहीले समान अवसर पाउनु महत्त्वपूर्ण कुरा हो । समतामूलक समाज भन्नु नै विकासको सङ्केत हुन्छ । त्यसैले मुस्लिम समुदायमा शिक्षाजस्तो महत्त्वपूर्ण कुरामा छोरा एवं छोरीमा समान शैक्षिक अवसर छ कि छैन भनेर अध्ययन गरिएको छ । जसको यथार्थ चित्रण निम्नानुसारको तालिकामा देखाइएको छ ।

**चित्र ५.१ मुसलमान समुदायमा परिवारमा छोरा र छोरीमा शैक्षिक अवसर**




*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा देखिएअनुसार ७२.९ प्रतिशत परिवारमा छोरा र छोरी परिवारमा पढ्ने अवसर समान देखिएको छ भने २७.१ प्रतिशत परिवारमा छोरा सरह छोरी पढ्ने अवस्थाबाट वञ्चित देखिएको छ ।

परिवारमा छोराछोरीमा शिक्षामा समान अवसर नदेखिनुको कारण आजसम्म पनि परिवारमा छोरा र छोरीमा भेदभाव भएको प्रष्ट देखिएको छ भने परिवारमा छोरीलाई दोस्रो दर्जाको नागरिकको रूपमा लिइएको कुरा बुझिन्छ । यसरी छोरा र छोरीमा समान नदेखी छोराछोरी बराबरी हुन् भन्ने मानसिकता पलाउन उक्त परिवारहरूमा शिक्षाको महत्त्व त छँदैछ सबै सन्तान बराबरी हुन् भन्ने भावना जागरुक गराउनुपर्छ तब मात्र छोरा र छोरीको अवस्था समान हुन आउँछ । नत्र भने जब छोरा सरह छोरीले कुनै पनि क्षेत्रमा समान अधिकार पाउँदिन भने छोरा र छोरी कहिले बराबरी हुने ?

भनिन्छ गएको समय फर्किदैन, यदि समयमै पढ्ने मौका पाईदैन भने पछि पछुताउनु सिवाय केही गर्न सकिंदैन । त्यसकारण मौका नगुम्दै कुनै पनि कुराको अभ्यास गर्न पाउनु नै उचित समाधान हुनेछ । त्यसैले पढ्ने समय छोरा एवं छोरीमा समान दिइएको छ छैन भनेर गरिएको अध्ययनको तथ्याङ्क तलको तालिकामा दिइएको छ ।

**तालिका ५.१ मुसलमान समुदायमा छोरीले छोरा सरह घरमा पढ्ने समय पाउने अवस्था**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| पाउँछे | ४० | ४७.१ |
| पाउँदिन | ३० | ५२.९ |
| **जम्मा** | **७०** | **१००.०** |

*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

तालिका ५.३ अनुसार घरमा छोरा सरह छोरीले समय पाउने प्रतिशत ४७.१ देखिएको छ भने नपाउने प्रतिशत ५२.९ छ ।  कुनै पनि क्षेत्रमा गरिएको काममा पूर्ण परिपक्व बन्नको लागि निरन्तर अभ्यास जरुरी छ । त्यस्तै छोरीले स्कुलको भरमा पठनपाठन गर्ने र घरमा छोरा सरह पढ्ने समयनै नपाए पछि छोराको तुलनामा छोरी कसरी पुग्न सक्छे ?

कुनै पनि व्यक्तिमा ज्ञान हासिल गर्ने अति चाहना छ तर उसमा उक्त चाहना प्राप्ति गर्ने बाटाहरू थुनिन्छन् वा विभिन्न बाधा अड्चनहरू आइपर्दछन् भने निश्चयनै समस्या

उत्पन्न हुन्छ। रोकावट हुनु भनेको उसको चाहनाको वञ्चित गराउनु हो। त्यसकारण अध्ययन क्षेत्रमा मुस्लिम समुदायमा महिलाहरूलाई पढ्नमा कुनै समस्या छ छैन भनेर प्रष्ट पार्न गरिएको अध्यनको निचोड तलको तालिकामा तल देखाइएको छ।

**तालिका ५.२ मुसलमान समुदायमा छोरी बिना रोकावट पढ्न जान पाउने अवस्था**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| बिना रोकावट पढ्न जान पाउँछे | ३२ | ४५.७ |
| बिना रोकावट पढ्न जान पाउँदिन | ३८ | ५४.३ |
| **जम्मा** | ७० | १००.० |

*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको तालिकाअनुसार ४५.७ प्रतिशत छोरीहरू परिवारबाट विना रोकावट पढ्न जान पाउँछन् भने ५४.३ प्रतिशत छोरीहरूलाई विशेष काम भए घरबाट रोकावट आउने तथ्य खुलेको छ। तालिकामा देखिएअनुसार छोरीहरू घरमा कुनै काम पर्दा पढ्न जान बाधा आउने वा विभिन्न रोकावटको बाबजुद पढ्न जानु पर्ने अवस्था देखापरेको छ। विभिन्न समस्या एवं बाधा अड्चनहरूसँग पैठेजोरी खेल्दै छोरीहरू आफ्नो शिक्षा लिन जान संघर्ष गरिरहेको स्पष्ट देखापरेको छ। कुनै पनि छोरा एवं छोरीलाई पढ्न दिएर पनि शैक्षिक सामग्री दिइँदैन भने त्यसमा कुनै अर्थ हुँदैन। चीज नै नपाएपछि कसरी उपयोग गर्न सकिन्छ र त्यसकारण मुस्लिम समुदायमा अध्ययनरत महिलाहरूलाई शैक्षिक सामग्रीहरू उपलब्ध हुन्छ वा हुँदैन भनेर गरिएको अध्ययनको तथ्याङ्क तलको तालिकामा दिइएको छ।

**तालिका ५.३ मुसलमान समुदायमा प्रशस्त शैक्षिक सामग्रीहरूको उपलब्धता**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| पाउने | ४१ | ५८.६ |
| नपाउने | २९ | ४१.४ |
| **जम्मा** | ७० | १००.० |

*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

मुस्लिम समुदायमा सम्बन्धित क्षेत्रमा गई सम्बन्धित उत्तरदाताहरूबाट सूचना प्राप्त गर्दा चाहिए जति शैक्षिक सामग्रीहरू पाउने महिलाहरूको ५८.६ प्रतिशत भने आफूलाई अत्यावश्यक पर्ने शैक्षिक सामग्रीहरू नपाउने महिलाहरूको ४१.४ प्रतिशत रहेको तालिका ५.३ मा प्रष्ट देखिएको छ। प्रस्तुत तालिकाबाट के कुरा पत्ता लागेको छ भने मुस्लिम समुदायमा प्रशस्त शैक्षिक सामग्रीहरू कापी, कलम, पुस्तक, झोला, स्कुल पोशाक, छाता, चप्पल नपाउने देखिएको छ । विना शैक्षिक सामग्री अध्ययनमा समस्या त हुन्छ नै उक्त कुराको अभावले बालबालिकाहरूमा मनोवैज्ञानिक रूपले पनि प्रभावित हुने देखिन्छ । शिक्षा जस्तो अति नै महत्त्वपूर्ण अत्यावश्यक कुरामा त छोरा र छोरीको फरक आकाश धर्तीको छ भने अरू जुनसुकै कुराहरूमा मुस्लिम समुदायमा महिलाको अवस्था कति दयनीय छ होला कल्पना समेत गर्न नसकिने अवस्था अनुमान गर्न सकिन्छ ।

यस प्रकार यस अध्यायमा किहूँका मुस्लिम महिला (महिलाहरू) को शैक्षिक स्थितिका विभिन्न पक्षहरूको बारेमा विवेचना गरियो । आजको परिवर्तनशील एवं वैज्ञानिक युगमा शिक्षा अति महत्त्वपूर्ण छ । वैज्ञानिक एवं व्यावहारिक शिक्षा आजको समयको माग रहेको छ । यद्यपि नेपालमा आज पनि सैद्धान्तिक शिक्षालाई नै महत्त्व दिईरहेको अवस्था छ । उक्त शिक्षाबाट पनि वञ्चित हुनु भनेको नैसर्गिक अधिकारबाट वञ्चित हुनु हो । धेरै जसो समाज एवं परिवारहरू शिक्षालाई भन्दा अरू नै क्षेत्रमा बढी लगानी गर्ने प्रवृत्ति अझै पनि हटिसकेको छैन । यदि अध्ययनको लागि विद्यालय पठाइए पनि पर्याप्त शैक्षिक सामग्री, पढ्ने लेख्ने समय, विद्यालयसम्मको दुरी टाढा एवं विद्यालयमा पनि उचित पुस्तकालयको अभाव खानेपानीको अभाव, उचित शैक्षिक वातावरण, शौचालयको व्यवस्था नहुनु र पारिवारिक समस्याका कारण अध्ययनलाई समय दिन नसक्नु जस्ता कारणले शिक्षालाई प्रभावित बनाएको छ । यसका साथै समाजमा छोराछोरीलाई हेर्ने दृष्टिकोणमा फरक, परम्परावादी सोचाइले गर्दा पनि शिक्षा आर्जनमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

## अध्याय–६

# घरायसी जीवनमा महिलाको अवस्था

यस अध्यायमा किहूँ गा.वि.स. का मुस्लिम समुदायका महिलाहरूले घरायसी जीवनमा खेल्ने भूमिका र उनीहरूको अवस्थाको बारेमा व्याख्या गर्ने प्रयास गरिएको छ ।

### ६.१ घरायसी जीवनमा महिलाको भूमिका

कुनै पनि क्षेत्रमा महिलाको बढी भूमिका सक्रिय हुने र उक्त कार्यहरूमा महिलाको आवाज लागू हुन्छ कि हुँदैन भन्ने कुरामा पनि यस अध्ययनमा ध्यान दिएको छ । जसमा कार्य कसरी गर्ने, कति गर्ने कहिले गर्ने वा गर्दै नगर्ने भन्ने महिलाको आवाज सुनिन्छ कि सुनिँदैन भनेर सूचनादाताहरूसँग भलाकुमारी गरिएको तालिका यो हो ।

**तालिका ६.१ मुसलमान समुदायमा घरायसी कार्यमा महिलाको आवाज सुनिने स्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सुनिन्छ | ३० | ४२.९ |
| सुनिँदैन | ४० | ५७.१ |
| **जम्मा** | ७० | १००.० |

*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको तालिकामा मुस्लिम समुदायमा घरायसी कार्यमा महिलाको आवाज लागू हुन्छ कि हुँदैन भनेर गरिएको हो । जसमा महिलाको भनाइअनुसार काम गर्नेमा ४२.९ प्रतिशत र सुनिँदैनमा ५७.१ प्रतिशत मत आएको छ । उक्त मतबाट के कुरा बुझिन्छ भने मुस्लिम समुदाय पनि पितृसतात्मक समुदाय हो र यस्तो समुदायमा महिलाको आवाज गौण भएको बुझिन्छ । परिवारको दैनिक कार्य सु-सञ्चालन गर्न गरिने दैनिक कामलाई घरायसी कार्य भनिन्छ । घरायसी कार्य सञ्चालन गर्न कसको के-कति भूमिका हुने के-कस्ता काम गर्ने भन्ने कार्य लगभग परिवारमा परम्परावादी समाज होस् या परिवर्तित समाज, लैङ्गिकताको आधारमा कार्य एवं भूमिका निर्धारण गरिएको हुन्छ । परम्परावादी परिवारको तुलनामा परिवर्तित परिवार कार्य विभाजनको सङ्केत कम पाइन्छ । परिवारमा महिला


पुरुष वा महिलाको घरायसी भूमिका एवं आम्दानीमा उनीहरूको कति बाहुल्यता हुन्छ भन्ने कुरा पनि उल्लेखनीय हुन्छ। यी विविध घरायसी कार्यमा महिलाको अवस्था कस्तो एवं कति हुन्छ भन्ने कुरामा सम्बन्धित कार्य क्षेत्रमा गई गरिएको अध्ययनबाट गरिएको तथ्याङ्कहरू मूल्याङ्कन गरौं।

### ६.१.१ घरायसी कार्यहरूको विभाजन

#### ६.१.१.१ पानी भर्ने काम

नेपाल विश्वको दोस्रो जलस्रोतको धनी देश भए पनि उचित व्यवस्थापन नभएको कारण सफा खाने पानीको ठूलो अभाव देखिन्छ। यो अभाव दुर्गम भेगतिर अझ भीमकाय देखिन्छ। अध्ययन गरिएको ठाउँमा पनि यो अवस्था दयनीय नै छ। त्यसकारण, घरायसी कार्यमा अति महत्त्वपूर्ण रहेको पानी भर्न साँझ विहान को जान्छन् ? भनेर तलको तालिकामा देखाइएको छ।

**चित्र ६.१ मुसलमान समुदायमा धारा वा कुवामा साँझ बिहान पानी भर्ने काममा संलग्नता**




*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

परिवारमा दैनिक कार्य सञ्चालन गर्न पानी अत्यावश्यक र धेरै प्रयोगमा आउने वस्तु हो। जसको अभावमा परिवार चलाउन कल्पना समेत पनि गर्न सकिँदैन यस्तो अति आवश्यक चीजको पूर्ति महिला पुरुष को बढी खटिन्छन् ? भनी गरिएको अध्ययनमा महिलामा ९० प्रतिशत र पुरुष जम्मा १० प्रतिशत तथ्याङ्क आएको छ। यसप्रकार पानी जस्तो अत्यावश्यक चीजमा पनि पुरुषको काम गर्ने संख्या अति कम छ भने महिलामा कामको बोझ बढी हुने तथ्य तथ्याङ्कले देखाएको छ।

६.१.१.२ **घाँसपात सङ्कलन**

घरायसी जीवन संचालन गर्न घरमा धेरै कामहरू महिला पुरुषले कतिपय कामहरू मिलेर गरिन्छ भने कतिपय कामहरूलाई विशेषत महिला एवं पुरुषलाई भनेर छुट्ट्याइन्छ। यसै प्रसङ्गमा घाँस पात सङ्कलन गर्न कसको बढी लगान छ भन्ने कुरा निम्न तालिकामा जनाइएको छ।

**तालिका ६.२ मुसलमान समुदायमा वनजङ्गल वा खेतबारीमा घाँसपात सङ्कलनमा संलग्नता**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ६० | ८५.७ |
| पुरष | १० | १४.३ |
| **जम्मा** | ७० | १००.० |


*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

अध्ययन गरिएको अध्ययन क्षेत्र अति ग्रामीण भेगमा भएको कारण त्यहाँको सम्पूर्ण जनता कृषिमा निर्भर छन्। सबै घरमा वस्तुभाउ रहेका छन्। उक्त वस्तुभाउलाई घाँसपात कसले सङ्कलन गर्छ भनेर भरिएको तथ्याङ्कमा महिलाले सङ्कलन गर्नेमा ८४.३ प्रतिशत तथ्याङ्क आएको छ भने पुरुषले सङ्कलन गर्ने परिवार जम्मा १४.३ प्रतिशत तथ्याङ्क देखिएको छ। यस प्रकार धेरैजसो घर परिवारमा वस्तुभाउलाई चाहिने घाँसपात महिलाले सङ्कलन गर्ने देखिएको छ। जसको अर्थ घरायसी कार्यमा महिलाहरू नै धेरै समय र बोझिला काम गर्ने तर काम गर्ने गोरु खाने घोडाको उदाहरण चरितार्थ देखिएको छ।

६.१.१.३ **दाउरा सङ्कलन**

खाना पकाउन एवं कुँडो पानी पकाउन चाहिने दाउरा कसले घरमा खोजेर ल्याउँछ भनेर तलको चित्रमा देखाउन खोजिएको छ। जसलाई तालिका ६.२ मा देखाइएको छ।

**चित्र ६.२ मुसलमान समुदायमा जनजङ्गल वा अन्य ठाउँबाट दाउरा सङ्कलनमा संलग्नता**




*श्रोत: कार्य क्षेत्र अध्ययन*

घरायसी कार्यमा घरमा खाना पकाउन वस्तुभाउलाई कूँडो पकाउन चाहिने दाउरा सङ्कलन कसले गर्छ भनेर गरिएको अध्ययनमा महिलाले सङ्कलन गर्ने मा ९५.८ प्रतिशत तथ्याङ्क आएको छ भने दुबै मिलेर सङ्कलन गर्नेमा ४.२ प्रतिशत तथ्याङ्क प्राप्त भएको छ। यसमा महिला सहभागिता ६७ र दुवै सहभागितामा ३ जनाको संख्या देखिएको छ। प्रस्तुत तथ्याङ्कले के प्रमाणित गर्छ भने दाउरा सङ्कलन कार्यमा महिलाहरू अतुलनीय रूपमा बढी संलग्न देखिन्छन् र पुरुषहरूको संलग्नता कम देखिन्छ। घरायसी कार्यमा महिलाको महत्त्व एवं कार्यरत समय बढी देखिएको छ। यसले पनि यी परिवारमा महिलाको अवस्थालाई प्रष्ट पार्छ।

### ६.१.१.४ गोठालो जाने काम

कुनै पनि घरायसी काममा आ-आफ्नै विशेषता हुन्छन्। कसले त्यो कार्य गर्छ भन्ने पनि त्यसमा महत्त्व रहेको हुन्छ। त्यसकारण यस अध्ययनमा स-साना कार्यमा पनि सानो भन्दा सानोका अध्ययन गर्न प्रयास गरिएको छ। जसबाट सत्य कुरा पत्ता लागोस् भन्ने आशा राखिएको छ। यस मध्येमा मुस्लिम समुदायमा गोठालो (गाई गाइवस्तु भेडावाखा चराउन) महिला वा पुरुष को जान्छ भनेर सूचनादाताहरूसँग गहिरो अध्ययन गरिएको छ जसको तथ्याङ्क तलको तालिकामा राखिएको छ।

**तालिका ६.३ मुसलमान समुदायमा गोठालो जाने काममा संलग्नता**

| **उत्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| पुरुष | ८ | ११.४ |
| महिला | १४ | २०.० |
| दुबै | ४० | ५७.१ |
| कुनै पनि नजाने | ८ | ११.५ |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६५*

प्रस्तुत तालिकामा मुस्लिम समुदायका वस्तु भाउ चराउन को जान्छ भनी गरिएको अध्ययनमा पुरुषहरू जानेमा ११.४ प्रतिशत, महिलाहरू जानेमा २० प्रतिशत, महिला र पुरुष दुबै जानेमा ५७.१ प्रतिशत, कुनै पनि जादैनमा ११.५ प्रतिशत देखिन आएको छ । यस प्रकार गोठालो जाने प्रक्रियामा खासै ठूलो फरक देखिएको छैन ।


### ६.१.२ **घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका**

कुनै पनि कार्यमा निर्णयले प्रमुख महत्त्व राख्छ । यदि कुनै पनि कुराको सही निर्णय गर्न नसकेमा काम नै राम्रो हुँदैन । त्यसैले निर्णय गरिदा असल मान्छेबाट असल निर्णय गरिनु आवश्यक हुन्छ ।

#### ६.१.२.१ **कृषि कार्य**

नेपाल कृषि प्रधान देश भएकोले कृषि कार्यमा कसको निर्णय कस्तो हुने भन्ने अति विचारणीय छ । त्यसकारण कृषि वा खेतीपाती लगाउँदा कसको निर्णय लागू हुन्छ भनेर अध्ययन गरिएको छ । जसको जानकारी तलको दिइएको छ ।

### चित्र ६.३ मुसलमान समुदायमा कृषि क्रियाकलाप




माथिको चित्रले खेतीपाती लगाउँदा पुरुषको निर्णय ८७.१% मानिन्छ भने महिलाको १२.९% मात्र निर्णय स्वीकार्य हुन्छ। जसले महिलाहरू पुरुषको निर्णय मान्नु पर्ने अवस्थामा रहेको जानकारी हुन्छ।

### ६.१.२.२ **सन्तानोत्पादन**

मानिस प्रत्येक क्रियाकलापमा सन्तानको संख्याले पनि प्रभाव पार्छ। थोरै सन्तान भएमा लालनपालन र शिक्षादीक्षा पनि राम्रो हुन्छ भने धेरै भयो भने अभाव सिर्जना हुन्छ। उक्त सन्तानोत्पादन कार्यमा कसको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ।

### तालिका ६.४ मुसलमान समुदायमासन्तानोत्पादन कार्यमा मुख्य भूमिका

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १ | १.४ |
| धर्म | ६९ | ९८.६ |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोत : कार्य क्षेत्र अध्ययन*


माथिको तालिकाका सन्तान कति पाउने कतिको फरकमा वच्चाहरू जन्माउने भन्ने कुरामा कसको भनाइ मुताविक गरिन्छ भनेर सोधिएको प्रश्नमा उक्त कार्यमा महिलाकोमा १.४ प्रतिशत र धर्मअनुसार वा धर्मले तोकेको अनुसार ९८.६ प्रतिशत तथ्याङ्क प्राप्त भएको छ। मुस्लिम समुदायमा सन्तान थोरै जन्माएर उनीहरूको लालनपालन शिक्षा

दिक्षा ध्यान दिनुको कुरा उनीहरूको मान्यतामै छैन । उनीहरूको धर्मअनुसार जति सक्यो त्यति सन्तान जन्माउने र विश्वभरि मुस्लिम धर्मावलम्बीहरूको जनसंख्याको वाहूल्यता बढि गराउने भन्ने कुरा धर्मअनुसार तोकिएको र उक्त कार्य मुस्लिम भएकोले अति इमान्दारीताका साथ पालना गर्नु नै सच्चा मुस्लिम हुनु हो । उनीहरूको भनाइअनुसार उनीहरूमा बच्चा जन्माउने शक्ति आफैं ह्रास नभएसम्म बच्चाहरू स्वत जन्मिरहन्छन् त्यहाँ कुनै प्रकारको छेकथुन गरिँदैन । यदि छेकथुन गरिएका अल्लाहको उपदेश विपरीत र हरामकाम भनेर मूल्याङ्कन गरिन्छ ।

**६.१.२.३ घरपालुवा जनावरको हेरचाह**

कृषकहरूको मूल आय श्रोत पशुपालनलाई मानिन्छ । जसले कृषि कार्यमा सहयोग गरेका हुन्छन्, त्यस्ता वस्तुभाउको हेरचाह कसले गर्छ भनेर सूचनादातासँग सोधिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**चित्र ६.४ मुसलमान समुदायमा घरपालुवा जनावरको हेरचाह**




*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६५*

मुस्लिम समुदायमा घरपालुवा जनावरको हेरचाह घाँस पानी कुँडो, स्याहार, सुसार एवं विरामी परेमा उपचार कसले गर्छ भनेर सोधिएको प्रश्नमा महिलाले गर्नेमा ६८.६ प्रतिशत पुरुषले गर्नेमा २४.३ प्रतिशत र दुबैले गर्नेमा ७.१ प्रतिशत तथ्याङ्क प्राप्त गरिएको छ ।यी विभिन्न तालिकाहरूबाट के कुरा प्रष्टिएको छ भने मुस्लिम पुरुषहरू काम धन्दामा त्यति चासो नदिने र महिलाहरूले नै बढी काम गर्नुपर्ने वाध्यता देखिन्छ ।

### ६.१.२.४ **वस्तुभाउको बेच बिखन**

यस तालिकामा घरमा भएका वस्तुभाउ महिला एवं पुरुष कसले वेचविखन गर्छ भनेर पनि सूचनादाताहरूसँग सोधिएको छ। जसलाई तलको तालिकामा राखिएको छ।

**तालिका ६.५ मुसलमान समुदायमा वस्तुभाउको वेच विखन**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ६ | ८.६ |
| पुरुष | ६४ | ९१.४ |
| **जम्मा** | ७० | १००.० |

*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

यस तालिकामा घरमा भएका घरपालुवा जनावर कसले वेच्छ भनेर उनीहरूलाई सोधिएको थियो। उक्त सोधाइमा महिलाले वेच्नेमा ८.६ प्रतिशत र पुरुषले वेच्नेमा ९१.४ प्रतिशत तथ्याङ्क आएको छ। प्रस्तुत तालिकाबाट के कुरा बुझिन्छ भने कुनै पनि परिश्रमको काम जति सबै महिलाले गर्नुपर्ने र उक्त कार्यबाट आएको मुनाफा वा वेचविखनबाट आएको रूपैया पुरुषले एकलौटी राख्ने प्रवृत्ति छ भन्ने कुरा पैलिएको छ।

### ६.१.२.५ **कमाएको पैसाको लगानी**

घरमा आम्दानी भएको आय कहाँ कसरी लगाउने गर्ने र थप आय आर्जन गरी आफू सु-सम्पन्न हुने भन्ने कुरा उपयुक्त लगानीमा भरपर्छ। सो अति महत्त्वपूर्ण लगानी महिला पुरुष कसले गर्छ भनेर अध्ययन गरिएको छ। जसबाट आएको विवरण प्रस्तुत तालिकामा देखाइएको छ।

**तालिका ६.६ मुसलमान समुदायमा कमाएको पैसाको लगानीमा निर्णयकर्ता**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ७ | १०.० |
| पुरुष | ६३ | ९०.० |
| **जम्मा** | ७० | १००.० |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६५*

प्रस्तुत तालिका मुस्लिम समुदायमा विविध कार्य गरे वापत कमाएको पैसा महिला पुरुष कसले लगानी गर्छ भनेर सोधिएको प्रश्नमा महिलाले लगानी गर्नेमा १० प्रतिशत पुरुषले लगानी गर्नेमा ९० प्रतिशत तथ्याङ्क आएको छ। माथिको तालिकाले के कुरा जनाउँछ भने मुस्लिम समुदायमा आम्दानी भएको पैसा पुरुषले लगानी गर्छ भन्ने कुरा ८८.६ प्रतिशत तथ्याङ्कले देखाउँछ। घरमा विभिन्न क्षेत्रबाट कमाइएको पैसा कसले राख्छ। यदि सो रकम दुरूपयोग भएमा सबै मेहनत खेर जान्छ र सो रकम सुरक्षित रूपले महिला एवं पुरुष को राख्छ भनेर खोज तलास भएको छ। जसबाट आएको निष्कर्ष तालिका ६.७ मा सुरक्षित गरिन्छ।


**तालिका ६.७ मुसलमान समुदायमा कमाएको पैसा राख्ने जिम्मा**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ११ | १५.७ |
| पुरुष | ५६ | ८०.० |
| दुबै | ३ | ४.३ |
| **जम्मा** | ७० | १००.० |

*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

मुस्लिम समुदायमा विभिन्न आयआर्जनबाट आएको रकम को राख्छ भनेर गरिएको अध्ययनमा महिलाले राख्छ मा १५.७ प्रतिशत, पुरुषले राख्छमा ८० प्रतिशत तथ्याङ्क र दुबैले राख्नेमा ४.३ प्रतिशत तथ्याङ्क प्राप्त भएको छ।कमाएको पैसा को राख्छ भन्ने प्रश्नको उत्तरमा ८० प्रतिशत मत पुरुषले राख्छ भन्नुको तात्पर्य धनजस्तो महत्त्वपूर्ण चीजमा पुरुषको बोलवाला बढी रहन्छ भन्ने नै हुन्छ। विभिन्न क्षेत्रबाट कमाइएको पैसा महिलाले आफ्नो आवश्यकतामा खर्च गर्न पाउँछे कि पाउँदिन भन्ने कुरा यस तालिकामा देखाइन्छ।

**चित्र ६.५ मुसलमान समुदायमा कमाएको पैसा महिलाले खर्च गर्न पाउने अवस्था**




*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

मुस्लिम परिवारमा आम्दानी भएको रकम महिलाले खर्च गर्न पाउँछे कि पाउँदिन भनेर गरिएको अनुसन्धानमा पाउँछेमा २८.६ प्रतिशत छ र पाउँदिन भन्नेमा ७१.४ प्रतिशत तथ्याङ्क प्राप्त भएको छ । उक्त तालिकाको तथ्याङ्कबाट महिला कुनै पनि कार्यमा बढी काम गर्ने र वोझिलो काम पनि गर्नुपर्ने र उक्त काम गरे वापत कमाएको उसको आवश्यकतामा खर्च गर्न नपाउने अत्याचार जस्तो देखिन्छ ।

### ६.१.३ महिलासँगको पेवाको विवेचना

मुस्लिम समुदायका महिलाहरूमा आफ्नो व्यक्तिगत पेवा वस्तुभाउ छ छैन भनेर सोध भुलिएको छैन । जसबाट आएको तथ्याङ्क निम्न तालिकामा राखिएको छ ।

**तालिका ६.८ मुसलमान समुदायमा पेवा वस्तु भाउ भएको नभएको स्थिति**


| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १६ | २२.८ |
| छैन | ५४ | ७७.२ |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६५*

मुस्लिम समुदायमा महिलाहरूमा आफ्नै पेवा वस्तुभाउ छ छैन भनी गरिएको अध्ययनमा छ भन्नेमा २२.२ प्रतिशत र छैन मा ७७.२ प्रतिशत तथ्याङ्क आएको छ। माथिको तालिकाबाट अधिकांश झण्डै ८० प्रतिशत महिलाहरूसँग आफ्नो कुनै प्रकारको पेवा वस्तुभाउ नभएको बुझिन्छ। मुस्लिम समुदायका महिलाहरूमा केहीमा आफ्नो पेवा

वस्तुभाउ भएको पाइएको छ। जुन वस्तुभाउ आफू खुशी वेच्न पाउने नपाउने भन्ने तलको तालिका हेरौं ।

**चित्र ६.६ मुसलमान समुदायमा भएका पेवा वस्तुभाउ आफू खुशी बेच्न पाउने अवस्था**




*श्रोत : कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा आफ्नो पेवा वस्तुभाउ पनि महिलाले सबै घरपरिवारमा विभिन्न कारणले आफू खुशी वेच्न नपाउने देखिएको छ। मुस्लिम समुदायका महिलाहरूसँग भएका आफ्ना पेवा वस्तुभाउ आफ्नो स्वेच्छाले वेच्न नसक्ने विभिन्न कारण देखिएका छन्। जसलाई तलको तालिकामा देखाइएको छ।

**तालिका ६.९ मुसलमान समुदायमा पेवा वस्तुभाउ स्वेच्छाले वेच्न नसक्नुको कारण**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| उचित मूल्य नपाएर | १२ | ७५ |
| परिवारले नदिएर | ४ | २५ |
| **जम्मा** | **१६** | **१००.०** |


*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

सम्बन्धित कार्यक्षेत्रमा छोरा एवं बुहारीहरूले आफ्नो पेवा वस्तुभाउ किन आफ्नो स्वेच्छाले वेच्न सक्दैनन् भनेर गरिएको अध्ययनमा निम्नानुसार तथ्याङ्क प्राप्त गरिएको छ। आफ्ना वस्तुभाउको उचित मुल्य नपाएरमा ७५ प्रतिशत छ भने परिवारले अनुमति नदिनेहरूको प्रतिशत २५ छ। माथिको तथ्याङ्कअनुसार सम्बन्धित क्षेत्रका महिलाहरू

विविध कारणले गर्दा पिछडिएकाले आफ्नो वस्तुभाउको सही मूल्य र निर्णय गर्ने क्षमता नभएको देखिन्छ ।

मुस्लिम समुदायका चेलीवेटीका पेवा वस्तुभाउबाट आएको पैसा कसले चलाउँछ भन्ने विषयमा यो तालिकामा चर्चा गरिएको छ । मुस्लिम समुदायमा महिलाको अधिकार कम हुने भएकोले उनीहरूको व्यक्तिगत पैसा घरका सदस्यहरूले प्रयोग गर्ने वुभिएकोले यस विषयमा पनि यस सोध पत्रमा अध्ययन गरिएको छ । जसबाट आएको जानकारी तलको चित्रमा दिइएको छ ।

**चित्र ६.७ मुसलमान समुदायमा महिलाहरूबाहेक पेवा वस्तुभाउबाट आएको पैसा कसले प्रयोग गर्छ**




*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा चेलीवेटीको पेवाबाट आएको पैसा आफूहरूबाहेक कसले प्रयोग गर्छ भनेर गरिएको हो । जसमा बुवाआमाले चलाउनेमा २५ प्रतिशत, श्रीमान्ले प्रयोग गर्नेमा ७५ तथ्याङ्क देखिएको छ । माथिको तालिकाअनुसार चेलीवेटीको पेवाको पैसा छुटपुट मात्र दुरुपयोग भए पनि धेरैजसोको पैसा आफू खुशी प्रयोग गरिएको देखिन्छ । आम्दानी भएको पैसा कसले राख्छ, कहाँ लगानी गरिन्छ वा कसैले चलाएमा उनीहरूको सल्लाह बमोजिम अथवा उनीहरूको खुशीराजी पैसा चलाइन्छ वा चलाइँदैन भनेर अध्ययन गर्ने चासो भएकोले यहाँ यसलाई विशेष महत्त्व साथ हेरिएको छ । जसबाट आएको विवरण निम्न तालिकामा समेटिएको छ ।

**तालिका ६.१० मुसलमान समुदायमा यदि पेवा पैसा कसैले चलाएमा उनीहरूलाई थाहा हुन्छ**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| हुन्छ | ९ | ५७.२ |
| हुँदैन | ७ | ४२.८ |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*


यस तालिकामा महिलाहरूको आफ्नो निजी पैसा यदि कसैले चलाएमा उनीहरूलाई थाहा हुन्छ हुँदैन भनेर व्याख्या गरिएको हो। जसमा ५७.२ प्रतिशतलाई थाहा हुने र ४२.८ प्रतिशतलाई थाहा नहुने तथ्याङ्क भेटाइएको छ। माथिको तालिकाले के जनाउँछ भने छोरी एवं बुहारीहरूको उनीहरूको निजी सम्पत्ति चलाउँदा पनि थाहा नहुने रहेछ भन्ने कुरा देखिन आउँछ।

यसप्रकार घरायसी मामिलामा मुस्लिम परिवारका पुरुषहरूको भूमिका निर्णायक त देखिएको छ तर यस्ता घाँस दाउरा सङ्कलन गर्ने, वस्तुभाउ चराउने, पानी ल्याउने आदि कार्यमा उनीहरूको योगदान निकै कम देखिन आएको छ। यसको प्रमुख कारण पुरुषहरू प्रायः परिवारको लागि चाहिने अर्थ जुटाउन लाग्नु भएको अवलोकन र मुख्य सूचनादाताहरूको अन्तर्वार्ताबाट बुझिन आएको छ। उनीहरूमा परिवार चलाउनको लागि पैसा कमाउनु पर्ने प्रमुख दायित्व भएकोले या त उनीहरू विदेश जान्छन् या त शहरमा या त सानोतिनो ग्रामीण व्यापारमा। यस कारण उनीहरूको संलग्नता घरायसी कार्यहरूमा निकै कम देखिन्छ। मुख्य सूचनादाता एक पुरुषका अनुसार यसलाई लैङ्गिक विभेद भन्दा पनि लैङ्गिक श्रम विभाजनको रूपमा प्रस्तुत गर्नु र बुझ्नु उपयुक्त हुन्छ।

### ६.१.४ अन्य सवालमा छोरा/छोरीबीचमा गरिने व्यवहारको तुलना

आजको युगमा आएर पनि विभिन्न समुदायमा छोरा छोरीमा फरक दृष्टिकोणले हेरिन्छ। साथै उनीहरूको छुट्टै विशेषता र महत्त्व पनि समुदायले राख्छ। छोरा र छोरीमा भेदभाव गरिए झैं खानामा फरक रहेको छ छैन विचार गर्न तिर लागौं।

**चित्र ६.८ मुसलमान समुदायमा छोरा एवं छोरीमा खानामा फरक**




*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

मुस्लिम समुदायमा छोरा एवं छोरीमा खानामा फरक तरिकाले दिइने गरिएको छ छैन भनेर पनि उनीहरूसँग भलाकुसारी गरिएको छ जसमा छ मा ५.७ प्रतिशत, छैन मा ९१.४ प्रतिशत र थाहा छैनमा २.९ प्रतिशत तथ्याङ्क बताइएको छ। माथिको तालिकाअनुसार केही छुटपुट घरपरिवारमा छोरा र छोरीमा खानामा समेत फरकपन हुन्छ भन्ने जानकारी भएको र छोरालाई विशेष गुणस्तर र छोरीलाई त्यस्तो नहुने तथ्य खुलासा भएको छ।

## ६.१.५ मुस्लिम समुदायमा वैवाहिक प्रक्रियामा छोरीको भूमिका

### ६.१.५.१ मुस्लिम समुदायमा छोरीको विवाहको परिस्थिति

मुस्लिम समुदायमा छोरीको विवाह गर्दा उनीहरूको इच्छानुसार विवाह हुन्छ कि हुँदैन भनेर सूचनादाताहरूसँग सोधिएको छ। जसको परिणाम तलको तालिकामा देखाइएको छ।

**तालिका ६.११ मुसलमान समुदायमा छोरीले आफ्नो स्वइच्छाले विवाह गर्न पाउने अवस्था**


| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| पाउँछे | २८ | ४० |
| पाउँदिन | ४२ | ६० |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

प्रस्तुत तालिकामा देखिएअनुसार ४० प्रतिशत उत्तरदाताले आफ्नो स्वेच्छाले विवाह गर्न पाइन्छ भन्ने धारणा व्यक्त गरेका छन् । भने ६० प्रतिशत उत्तरदाताहरूले सो नहुने विचार राखेका छन् । यसबाट इच्छाअनुसार विवाह हुने अवस्था नहुनेको दाँजोमा कम रहेको प्रष्ट हुन्छ । विवाहजस्तो पवित्र कार्यमा आफ्नो स्वेच्छाले हुँदैन भने अरूको रोजाइमा भएको विवाह कति सुखीमय रहला । भनिन्छ, चाहना विपरित लादिएको कुनै पनि कार्य राम्रो हुँदैन भनेर । विवाहमा छोरीको चाहना विपरीत विवाह गरेर उसको मौलिक हक हनन् गरिएको बुझिएको छ ।

यसै परिप्रेक्ष्यमा यस अध्ययनका विवाहित उत्तरदाताहरूको विवाह कस्तो प्रकारले भएको थियो भन्ने बुझ्ने प्रयास पनि गरिएको थियो । सो को नतिजालाई तलको चित्रमा देखाउने प्रयास गरिएको छ ।

**चित्र ६.९ मुसलमान समुदायमा उत्तरदाताहरूको विवाहको परिस्थिति**




*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा देखाइएअनुसार स्वेच्छाले विवाह गर्ने उत्तरदाताहरू २२.८ प्रतिशत रहेछन् भने ७७.२ प्रतिशतले अरूको दबावमा विवाह गरेको देखिन आउँछ । यसमा अरूको दबाब भन्नाले मुख्यतः आमाबाबुको दबाब मुख्य हो भनेर बुझिन आएको छ । आफ्नो जीवनको सहयात्री पनि आफ्नो स्वेच्छाले रोज्न सबैले नपाउने मुस्लिमहरूको परम्पराको खुलासा भएको छ ।

**६.१.५.२ छोरी विवाह निर्णय प्रक्रियामा छोरीको सहभागिता**

विवाह गर्दा छोरीको इच्छा भएको वा नभएको अथवा के-कस्तो मान्यतामा छोरीको विवाह गरिन्छ। विवाह गर्दा छोरीको कुनै शर्त भए सुनिन्छ छ कि सुनिँदैन भन्ने विषय पनि यस अध्ययनमा उठाइएको छ। जसमा आएको विवरण तलको तालिकामा उजागर गरिएको छ।

**तालिका ६.१२  मुसलमान समुदायमा विवाहमा छोरीको आवाज सुनिन्छ**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| सुनिन्छ | २९ | ४१.४ |
| सुनिँदैन | ४१ | ५८.६ |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

विवाह जस्तो पुण्य कार्य गर्दा छोरीको कुरा सुनिन्छ कि सुनिँदैन भनेर गरिएको परामर्शमा सुनिनेमा ४१.४ प्रतिशत र नसुनिनेमा ५८.६ प्रतिशत तथ्याङ्क आएको छ। विवाह गर्दा छोरीको इच्छा छ छैन कति उमेरमा विवाह गर्ने कति पढ्ने को, कस्तो केटासँग विवाह गर्ने भन्ने कुराहरूमा छोरीको कुनै आवाज नसुनिने अर्थ ५८.६ प्रतिशत तथ्याङ्कले देखाउँछ। यसले कुनै पनि क्षेत्रमा महिलाको आवाज मुस्लिम समुदायमा कति सुनिन्छ भन्ने यथार्थ चित्रण गर्दछ।

यस प्रकार यस अध्यायमा किहूँ गा.वि.स. का मुस्लिम महिलाहरूको घरायसी र सामाजिक जीवनमा योगदानका विविध पक्षहरूको विवेचना गरियो। व्यक्ति र समाज एक अर्का प्रति अन्तरसम्बन्धित छन्। व्यक्ति समाजमा बस्ने भएकोले नै व्यक्तिलाई सामाजिक काममा व्यक्तिको ठूलो महत्त्व छ। व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ भने परिवार परिवार मिलेर समाज बन्छ। व्यक्ति एवं परिवारको विकास हुनु नै समाज विकास हुनु हो। व्यक्तिको घरायसी कार्यले पनि समाजमा सम्बन्ध राख्ने हुँदा घरायसी जीवन र सामाजिक कार्यलाई

एउटै अध्ययनमा राखिएको छ। कुनै पनि घरायसी काम वा सामाजिक कार्यमा लैङ्गिकताको आधारमा उनीहरूको कार्य विभाजन परिवार एवं समाजमा गरिएको देखिन्छ। महिला एवं पुरुष भएकै कारण परिवार एवं समाजमा कुनै कार्यमा उनीहरूको सहभागिता, निर्णय प्रक्रिया, बोझिले काममा खटिनु पर्ने समस्या एवं कुनै पनि कार्यमा धेरै समय खटिनु पर्ने, धर्मको आडमा सन्तानोत्पादन उच्च वृद्धि गर्ने, जस्ता प्रक्रियालाई समाजलाई विखण्डनतिर धकेल्छ। त्यसकारण परिवार एवं समाजमा महिला एवं पुरुष भनेर विभेदीकरणको अन्त्य गरी, समान शिक्षा, समान अधिकार एवं समान सहभागिता र उनीहरूको निर्णय प्रक्रियालाई पनि आत्मसात गर्न सके समतामूलक समाजको निर्माण हुन्छ।

यस बाहेक यस अध्यायमा मुस्लिम समुदायमा हुने विवाह प्रक्रियामा छोरीहरूको भूमिकालाई प्रष्ट्याउने प्रयास गरियो। विवाहले मानिसलाई थप जिम्मेवारी व्यावहारिक बनाउँछ। भनिन्छ विवाहपछि मानिस घरायसी बन्छ। यस्तो पवित्र कार्य जीवनको शुरुआत, विवाह गर्दा अझै पनि समाजमा कुरीति वा अनियमितता देखिएको छ। विवाह गर्दा बालविवाह, अनमेल विवाह, जबरजस्ती विवाह, अरूको दबाबमा हुने विवाह, धनसम्पत्तिको आधारमा समाजमा अझै पनि विवाह हुने गरेका छन्। यस्ता विचलनहरूले गर्दा विवाहित जीवन वर्वाद एवं असमझदारी हुन सक्ने हुनाले यस्ता खराब प्रचलनहरूको अन्त्य गरी एक आपसको समझदारीमा आफू खुशी एवं स्वेच्छाले विवाहको लागि शारीरिक एवं मानसिक रूपले पूर्ण भइसकेपछि मात्र विवाह भएमा वैवाहिक जीवन सुमधुर र सुखमय हुने देखिन्छ।

# अध्याय-७

# सामाजिक जीवनमा महिलाको अवस्था र भूमिका

मानिस चेतनशील प्राणी भएको नाताले ऊ सधै समाजमा बस्छ। त्यसैले मानवलाई सामाजिक प्राणी पनि भनिन्छ। समाजमा वसेको नाताले व्यक्तिगत कामका अलावा व्यक्तिले सामाजिक कार्य पनि गरेको हुन्छ। सामाजिक काम नगर्ने हो भने समाज विकासतिर लम्कन सक्दैन। समाजमा रहेका बाटाघाटा निर्माण गर्नुका साथै मर्मत गर्नु, धारा पानी पँधेरा पाटी पौवा बनाउनु साथै संरक्षण गर्नु भएको विग्रेमा मर्मत गर्नु, विद्यालय, वन जंगलको हेरचाह गर्नु एवं व्यवस्थित गराउनु, सामाजिक जनचेतना जगाउनु, विभिन्न रोगहरूबारे बताउँदै उक्त रोगहरूबाट बच्ने उपाय बताउनु, चौतारी एवं प्रतीक्षालय एवं मठ मन्दिर बनाउनु, समाजमा समस्यामा परेका व्यक्तिलाई उद्धार गर्नु एवं जो कोही दैवी प्रकोपमा परेका व्यक्तिहरूलाई राहत तथा उद्धार गर्नु आदि आदि सबै सामाजिक कार्य अन्तर्गत पर्दछन्। त्यसैले समाजमा बस्ने व्यक्तिको सामाजिक भूमिका अति नै महत्त्वपूर्ण हुन्छ। सामाजिक काम गर्ने व्यक्तिको सामाजिक मान प्रतिष्ठा पनि उच्च हुन्छ। त्यसकारण यस शोधपत्रमा सामाजिक कार्यको प्रसङ्गलाई ठाउँ दिइएको छ।

## ७.१ सामाजिक कार्यमा महिलाको सहभागिता

हरेक गाउँ ठाउँमा सामाजिक कार्य त हुने नै गर्छ। उक्त कार्य गरे बापत कति व्यक्ति त महान् बनेका हुन्छन्। यदि सबै व्यक्तिगत कार्यमा लाग्ने हो भने समाज अगाडि बढ्न सक्दैन। त्यसकारण समाजसेवा जस्तो महान कार्यमा छोरो एवं बुहारीको सहभागिता कति हुन्छ भन्ने कुरा पनि जरुरी रहेकोले सामाजिक कार्यमा महिलाको सहभागिता कस्तो हुन्छ भन्ने कुरा तलको तालिका हेरौं।

**तालिका ७.१ मुसलमान समुदायमा सामाजिक कार्यमा महिला सहभागिताको स्थिति**


| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| सहभागी हुने | २० | २८.६ |
| सहभागी नहुने | ५० | ७१.४ |
| **जम्मा** | ७० | १००.० |

*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको तालिका सामाजिक कार्यगर्न सामाजिक काममा जानेको २८.६ प्रतिशत छ भने नजानेको ७१.४ प्रतिशत यस तथ्याङ्ककले जनाएको छ।

माथिको तथ्याङ्कले जनाएअनुसार ७१.४ प्रतिशत महिलाहरू सामाजिक कार्य गर्न नजाने देखिएको छ। यसको अर्थ यो हुन्छ कि जुनसुकै क्षेत्र एवं बुहारीलाई बाहिरी दुनियामा घूलमिल हुन नदिने र घरायसी काम जति बोझिलो र पट्टयारिलो भएपनि घर भित्रै कैद गर्ने प्रवृत्ति देखिएको छ। मुस्लिम समुदायमा कुनै पनि सामाजिक कार्य गर्दा उपस्थित महिलाहरूको निर्णय वा आवाज सुनिन्छ कि सुनिँदैन भनेर उक्त समुदायमा रहेका महिलाहरूसँग सोधिएको छ जसको प्रतिक्रिया यस तालिकामा उतारिएको छ।

**चित्र ७.१ मुसलमान समुदायमा सामाजिक कार्यमा महिलाको आवाज सुनिने स्थिति**




*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको चित्रअनुसार सामाजिक कार्य गर्दा महिलाको आवाज १७.१ प्रतिशत सुनिन्छ भने नसुनिने ६५.७ छ र सुने पनि लागू नगर्ने १७.२ प्रतिशत रहेको छ। कुनै पनि सामाजिक कार्यमा महिलाको सहभागिता कम हुन्छ भन्ने तथ्य तालिका ६.१६ मा देखिएको छ भने उक्त कार्यमा न्यून महिलाको आवाज नसुनिने र सुने पनि उनीहरूको कुरा नलिइने तथ्य यस तथ्याङ्कले देखाएको र जुनसुकै काम गर्दा पनि पुरुषको संख्या धेरै हुने र उनीहरूको कुरा लागू हुने प्रष्ट छ। मुस्लिम समुदायमा गरिने सामाजिक कार्यमा कसको बढी

सहभागिता हुन्छ भनेर पनि उनीहरूसँग सोधिएको छ। जसबाट आएको तथ्याङ्क तालिका ६.१६ मा दिइएको छ। यसले महिलााको सामाजिक अवस्था पनि गिरेको भन्ने गराउँछ।


**तालिका ७.२ मुसलमान समुदायमा सामाजिक कार्यमा उच्च सहभागिता**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुषको | ६४ | ९१.४ |
| महिलाको | ५ | ७.१ |
| दुबैको | १ | १.४ |
| **जम्मा** | ७० | १००.० |

*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको तालिका अनुसार सामाजिक कार्यमा पुरुषको सहभागिता ९१.४ प्रतिशत छ भने यसको विरुद्धमा महिलाको सहभागिता अति न्यून ७.१ प्रतिशत र दुबै सहभागी हुनेमा १.४ रहेका छ। यस तथ्याङ्कले के कुरा प्रष्ट गर्छ भने सामाजिक कार्यमा पुरुषको मत झण्डै निर्विरोध जस्तो देखिन्छ। जसको बहुमत छ उनीहरूको कुरा पनि निर्विरोध हुन्छ नै। मुस्लिम समुदायमा घर वाहिर गरिने कुनै पनि कार्यमा महिलाको निर्णय प्रक्रियाको स्तर कस्तो छ उनीहरू निर्णय मान्य हुन्छ कि हुँदैन भनेर सूचनादाताहरूसँग साक्षात्कार गरिएको छ जसको विवरण निम्न तालिकामा देखाइएको छ।

**चित्र ७.२ मुसलमान समुदायमा घरबाहिर निर्णय प्रक्रियामा महिलाको सहभागिताको स्तर**




*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको तालिकामा घर वाहिरको निर्णय प्रक्रियामा महिलाको सहभागिताको स्तरमा सक्रियमा ७.१ प्रतिशत तथ्याङ्क देखिएको छ भने सन्तोषजनकमा २८.६ प्रतिशत छ भने निम्नमा ३७.१ प्रतिशत रहेको र छदै छैन मा २७.१ प्रतिशत तथ्याङ्क तालिका ६.१७ मा अंकित भएको छ। घर वाहिरको निर्णय प्रक्रियामा महिलाको सहभागिताको स्तरमा सक्रिय सहभागितामा ७.१ प्रतिशत र छदै छैनमा २७.१ प्रतिशत तथ्याङ्क छ। आधा आकाश ढाक्ने महिलाको निर्णय प्रक्रियामा यो सहभागिताको स्तर हाँसो उठ्दो किसिमको देखिएको छ ।

कुनै पनि कार्यमा महिलाको आवाज नसुनिने कारण के होला कुन-कुन कारणले गर्दा महिलाको आवाज सुनिँदैन भनेर गरिएको विभिन्न कारणको यथार्थ कुरा यस तालिकामा राखिएको छ।

**तालिका ७.३ मुसलमान समुदायमा महिलाको आवाज नसुनिनेको कारण**

| **उत्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| पितृसत्ता | ४७ | ६७.१ |
| धार्मिक नियन्त्रण | १ | १.४ |
| महिला निरक्षता | १९ | २७.२ |
| शक्तिको अभाव | ३ | ४.३ |
| **जम्मा** | **७०** | **१००.०** |

*स्रोत : कार्यक्षेत्र अध्ययन, २०६५*

माथिको तालिकाअनुसार समाजमा कुनै पनि सामाजिक कार्यमा महिलाको आवाज नसुनिनु वा उनीहरूको निर्णय कार्यान्वयन नहुनुको कारणमा गरिएको कार्य क्षेत्र अध्ययनमा पितृसत्तात्मक समाज भएकोमा ६७.१ प्रतिशत, धार्मिक नियन्त्रणमा १.४ प्रतिशत, आफैं महिलाहरू निरक्षता भएको कारणमा २७.२ प्रतिशत र महिलाको शक्तिको अभावमा ४.३ प्रतिशत तथ्याङ्क प्राप्त भएका छन्। प्रस्तुत तथ्याङ्कअनुसार पितृसत्ता समाज र पुरुष

प्रधान भएको कारण पुरुषको महत्त्व बढी हुने र यस्तो समाजमा महिलाको अवस्था स्वत छाँया पर्दछ ।

धेरै जसो नेपाली समाजमा महिला एवं पुरुष भएकै कारण भेदभाव त हुने नै गर्छ । मुस्लिम समुदायमा पनि भेदभाव भएका विभिन्न उदाहरणहरू देखिएका छन् । घरायसी कार्यको बाँडफाड, निर्णय प्रक्रिया र सामाजिक कार्यहरूको संचालनमा महिला र पुरुषहरू बीच विभेदात्मक सम्बन्ध रहेको कुरा माथिका व्याख्याहरूले पनि प्रष्ट्याएका छन् । यसै सवालमा उक्त भेदभाव के के कारणले हुने गरेको छ भनेर अध्ययन गरिएको छ जसबाट आएको यथार्थ विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७.४ मुसलमान समुदायमा महिला पुरुष भेदभावको कारण**


| **उत्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| पितृसत्ता | ६ | ८.६ |
| छोराको महत्त्व | ५० | ७१.४ |
| पूर्वाग्रही कानुन | २ | २.९ |
| पुरुषले नियम वनाइएकोले | ६ | ८.६ |
| महिलाको अक्षमता | ६ | ८.५ |
| **जम्मा** | ७० | १००.० |

*श्रोत: कार्यक्षेत्र अध्ययन, २०६५*

प्रस्तुत तालिकामा किन समाजमा महिला र पुरुषमा भेदभाव हुन्छ र पुरुष उपल्लो तह र महिलाहरू किन दोश्रो दर्जाको नागरिकमा गनिन्छ भनी गरिएको अध्ययनमा पितृसत्ता भएको कारणमा ८.६ प्रतिशत, समाजमा छोराको महत्त्व बढी भएकोमा ७१.४ प्रतिशत, पूर्वाग्रिही कानूनमा २.९ प्रतिशत, पुरुषले नियम कानून बनाएकोमा ८.५ प्रतिशत, महिलाहरू आफैं अक्षमता भएको कारणमा पनि ८.६ प्रतिशत तथ्याङ्क प्राप्त भएको छ । माथिको तथ्याङ्कअनुसार आजसम्म पनि पितृसत्तात्मक समाज, छोरीको तुलनामा छोराको महत्त्व बढी पूर्वाग्रही कानून र नियम कानून पुरुषले वनाएकोले नै पुरुषहरू महिलाहरू

पुरुषबाट तल्लो स्तर वा भेदभाव गरिएको हो । गाउँको अलावा शहर पनि लैङ्गिकताको भेदभावबाट अछूतो रहको छैन । यति कुरा पक्का हो कि शहरमा भन्दा गाउँमा भेदभाव भने छ नै । त्यसकारण, उक्त अध्ययन गरिएको गाउँमा लैङ्गिकताको भेदभाव के-कस्तो छ भनेर सूचनादाताहरूसँग परामर्श गरिएको छ । जसको तथ्याङ्क चित्र ७.३ मा उल्लेख गरिएको छ ।

**चित्र ७.३ मुसलमान समुदायमा गाउँमा लैङ्गिकताको भेदभाव**





*श्रोत: कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा गाउँ घर वा समाजमा लैङ्गिकताको आधारमा भेदभाव कति छ भनेर गरिएको अध्ययनमा गाउँघरमा भेदभाव छ भन्नेमा ८१.४ प्रतिशत भारी तथ्याङ्क छ भने छैनमा जम्मा १८.६ प्रतिशत झिनो तथ्याङ्क प्राप्त भएको छ। यस चित्रअनुसार गाउँघरमा अझैं पनि लैङ्गिकताको आधारमा काम, कर्तव्य, अधिकार एवं उनीहरूको भूमिका छुट्टयाइनु पनि महिला पुरुषको भेदभावको कारण देखिएको छ ।

**७.२ मुस्लिम समुदायमा महिलाको समाजमा गतिशीलताको स्थिति**

मानिस सामाजिक प्राणी भएकोले उसलाई मनोरञ्जन पनि चाहिन्छ । रङ्ग रमाइलो गर्नु, चाडपर्व मनाउने, साथीभाइ सँग भेटी सुख दुःख भलाकुसारी गर्ने एक माध्यम विभिन्न चाडपर्व एवं मेलाहरू हुन । त्यस्ता मेला एवं चाडपर्वमा महिलाहरू जान पाउछन्कि पाउँदैनन् ? तलको चित्रबाट जानकारी लिऔं ।

### चित्र ७.४ मुसलमान समुदायमा महिलाहरू चाडपर्व वा मेलाहरूमा जान पाउँछन्




*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

गाउँ ठाउँमा वेला वेलामा हुने चाडपर्व, मेला, उत्सव, व्यापारिक महोत्सव वा अन्य कुनै रमाइलो कार्यक्रमहरूमा महिलाहरू त्यस्ता रमाइला उत्सवहरूमा जान पाउँछन् वा पाउँदैनन् भनेर यो तथ्याङ्क लिइएको हो । जहाँ पाउँछन् मा २८.६ प्रतिशत पाउँदैनन मा ७०.० प्रतिशत र आफ्नो इच्छा भए जान पाउनेमा १.४ प्रतिशत तथ्याङ्क आएको छ । प्रस्तुत तालिकाले जुनसुकै घरायसी काममा बढी मेहनत गर्ने महिलाहरू सार्वजनिक रमाइला उत्सवहरूमा खासै जान पाउने देखिएनन्। मुस्लिम समुदायमा सबै चेलीवेटीहरूलाई सार्वजनिक ठाउँहरूमा जान रोकिन्छ। यसमा आफ्नै किसिमका मूल्य मान्यता रहेका छन्। उक्त ठाउँमा जान कसले रोक्दछन् भन्ने कुरा तलको तालिकामा हेरौं ।

### तालिका ७.५ मुसलमान समुदायमा सार्वजनिक रमाइलो एवं उत्सवहरूमा जान रोक्ने तत्त्व

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| आफैं नजाने | ५ | ७.१ |
| बाबाले | १५ | २१.४ |
| आमाले | ७ | १०.० |
| श्रीमान्ले | ११ | १५.७ |
| दाजुभाइले | १ | १.४ |
| सासुले/ससुराले | १३ | १८.६ |
| अन्यले | १३ | १८.६ |
| अनुत्तरित | ५ | ७.१ |
| **जम्मा** | **७०** | **१००.०** |

*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको तालिका मुस्लिम समुदायका महिलाहरूलाई कुनै सार्वजनिक रमाइलो वा मेलाहरूमा जान क-कसले रोक्छन् भनेर गरिएको अध्ययनमा रोक्नेहरू थुप्रै निस्केका छन् जसअनुसार आफैं नजाने ७.१ प्रतिशत, बाबाले रोक्नेमा २१.४ प्रतिशत, आमाले रोक्नेमा १०.० प्रतिशत, श्रीमान्ले रोक्नेमा १५.७, दाजुभाइले रोक्नेमा १.४ प्रतिशत, सासुससुरा र अन्यले रोक्नेमा १८.६ प्रतिशत र अनुत्तरित ७.१ प्रतिशत तथ्याङ्क आएको छ। यस तथ्याङ्कले के देखाएको छ भने मुस्लिम समुदायमा महिलाहरूलाई सघाउने भन्दा उनीहरूलाई यता उति हिंड्दा रोक्ने, छेक्नेहरूको संख्या अति बढी देखिएको छ। यसबाट के प्रमाणित हुन्छ भने उनीहरूलाई स्वतन्त्रता कम भएको र कठोर अधीनमा राख्ने कुरा अड्कल गर्न सकिन्छ। मुस्लिम धर्म अरू धर्मको तुलनामा बढी कठोर मानिन्छ। जसको आदेश जति कठोर र अमानवीय भए पनि पालना गर्नु नै पर्छ। त्यस्तैमा मुस्लिम महिलाहरू घरबाट वाहिर जान नहुने केही कारणहरू देखिएका छन् जसले उनीहरूलाई घर भित्रै थुनेर राख्छ। जुन कारणहरू निम्न तालिकामा अवगत गराइन्छ।

**तालिका ७.६ मुसलमान समुदायमा महिलाहरूलाई घर वाहिर जानुबाट रोक्नुको कारण**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| महिला घर बाहिर हिड्न हुँदैन भनेर | ४० | ५७.१ |
| घरमा उनीहरूको धेरै काम भएर | १६ | २२.९ |
| समाजले घृणा गर्ने भएकोले | ११ | १५.७ |
| अन्य | ३ | ४.३ |
| **जम्मा** | **७०** | **१००.०** |


*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

मुस्लिम समुदायमा महिलाहरुलाई घर वाहिरका सार्वजनिक रमाइलाहरू, मेला एवं उत्सवहरूमा जान नदिनुका कारणहरू के-के हुन ? भनेर उनीहरूसँग सोधिएको छ। जसमा महिलाहरू घर वाहिर हिड्न हुँदैन भन्नेमा ५७.१ प्रतिशत, महिलाहरूको घरमा धेरै

काम हुने र वाहिर गएमा काम नहुने भएर मा २२.९ प्रतिशत समाजमा विभिन्न तरिकाले कुरा काट्ने भएकोले भन्नेमा ११ प्रतिशत र अन्यमा कारणमा ३.० प्रतिशत तथ्याङ्क पाइएको छ।  विभिन्न घरायसी कामहरू र उनीहरूका विभिन्न मूल्य मान्यताले गर्दा मुस्लिम महिलाहरूलाई घर विशेष काम बाहेक घरभित्रै थुनेर राख्ने प्रवृत्ति देखिएको छ।

व्यक्तिको स्वतन्त्रता मौलिक अधिकार भित्र पर्छ। जहाँ स्वतन्त्रता हुँदैन त्यहाँ जीवन कष्टपूर्ण हुन्छ। त्यति मात्र नभएर एउटै घरभित्र पनि छोरालाई स्वतन्त्रता हुनु र छोरीलाई पिंजडाको चरीसरि राखिनु ज्यादै दुःखद कार्य हो। मुस्लिम समुदायमा छोरासरह छोरीलाई हिड्न स्वतन्त्रता छ छैन भन्ने कुरा जानकारी लिन तलको तालिकामा हेरौं।

**चित्र ७.५ मुसलमान समुदायमा छोरा सरह छोरीलाई हिड्ने स्वतन्त्रता छ**




*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको चित्रमा समाजमा छोरीलाई छोरा सरह हिडडुल गर्न किन स्वतन्त्र छैन वा रोक लगाइनछ भनेर अध्ययन गरिएको छ। जुन समाजमा महिलाहरूलाई के कति स्वतन्त्र छ वा छैन भनेर गरिएको अध्ययनमा स्वतन्त्रता छ मा ८१.४ प्रतिशत हुँदैनमा १७.१ प्रतिशत र अनुत्तरित १.४ प्रतिशत तथ्याङ्क आएको छ। माथिको तालिकाअनुसार सम्बन्धित कार्य क्षेत्रमा महिलाहरूलाई पूर्ण स्वतन्त्रता नभएको बुझिएको छ। माथि पनि भनिसकिएको छ अरू समुदाय भन्दा मुस्लिम धर्म एवं समुदाय बढी कट्टर छ। जहाँ महिलाहरूको जीवन थप कष्टकर छ अरू समुदायको महिलाहरूलाई भन्दा मुस्लिम समुदायको महिलालाई बढी

असमनता छोराको तुलनामा छ। जुन विभिन्न कारणहरूमध्ये केही कारणहरू तलको तालिकामा केही दिइएको छ।

**तालिका ७.७ मुसलमान समुदायमा छोरा र छोरीमा असमानता हुनाको कारण**

| उत्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अन्धविश्वास | २१ | ३०.० |
| निरक्षता | ४४ | ६२.९ |
| परम्परावादी र रीतिरिवाज | १ | १.४ |
| माथिको सबै | ४ | ५.७ |
| **जम्मा** | ७० | १००.० |

*श्रोतः कार्य क्षेत्र अध्ययन, २०६५*

माथिको तालिका छोरा छोरीमा किन असमानता छ र यो किन गरिन्छ भनेर सोधिएको छ। जसका कारणमध्येमा अन्धविश्वासमा ३० प्रतिशत, निरक्षतामा ६२.९ प्रतिशत, परम्परावादी र रीतिरिवाजमा १.४ प्रतिशत र माथिका सबै कारणमा ५.७ प्रतिशत तथ्याङ्क प्राप्त गरिएको छ। छोरा र छोरीमा भेदभाव हुनुका विभिन्न कारणहरू रहेका छन्। जसमा राजनैतिक कारण, सामाजिक कारण, कुरीति परम्परा, अन्धविश्वास एवं अशिक्षाले छोरा र छोरीको बीचमा भेदभाव भएको हुन्छ। जसमध्ये व्यक्ति निरक्षर हुनु पनि एउटा मुख्य कारण हो भन्ने यस तालिकामा बुझिन्छ।

# अध्याय-८

# सारांश, प्राप्तिहरू र निष्कर्ष

## ८.१ सारांश

तनहूँ जिल्ला किहूँ गा.वि.स. वार्ड नं. ५ मा वसोवास गर्ने मुसलमान जातिको महिलाहरूको अवस्था यस शोधपत्रमा अध्ययन गर्न खोजिएको छ। नेपालमा वसोवास गर्ने विभिन्न जातिहरूमध्ये मुसलमान जाति पनि एउटा महत्त्वपूर्ण जाति हो। उनीहरूको जीवनशैली, रहनसहन एवं अन्य जीवनपद्धति अरू जातिका तुलनामा धर्मकै कारण फरक रहेको छ। मुसलमानहरूको धर्म अरू धर्म जस्तो खुकुलो छैन। यसमा धर्मले तोकेको नियमहरू कट्टरताका साथ पालना गर्नु पर्छ भने महिलाहरूप्रति यो धर्म अझ कट्टर छ। उक्त ठाउँका मुसलमानहरू मुख्यतः कृषिमा निर्भर छन् भने केही मात्र व्यापार व्यवसाय एवं बैदेशिक रोजगारमा आश्रित छन्। साधारणतया त्यस ठाउँका बासिन्दाहरू, केही व्यक्तिहरूलाई छाडेर, धेरै घर परिवारहरू गरिबीको रेखामुनि छन्। जसकारण उनीहरूको जीवनयापन थप कष्टकर बनेको बुझिन्छ। त्यतिमात्र नभएर अरू जातिको तुलनामा पिछडिएको जाति पनि हो र सरकारले पनि यस जातिलाई हेर्ने देष्टिकोण अलि फरक छ। कमै मात्र व्यक्तिले सरकारी जागिर खाएका छन्।

यस अध्ययनमा उक्त मुस्लिम समुदायमा रहेका महिलाको अवस्था बुझ्ने जमर्को गरिएको छ जस्तो शिक्षा, घरायसी कार्य, सामाजिक कार्य, वैवाहिक कार्य, आर्थिक सवाल एवं अन्य धेर थोर विषयमा पनि यो अध्ययन फैलिएको छ। उक्त समुदायमा महिलाहरूले छोरा सरह पढ्न पाएका छन् छैनन् यदि पढ्न पाए पनि प्रशस्त शैक्षिक सामग्री उपलब्ध छ छैन, गृहकार्य गर्ने समय उनीहरूमा छ छैन, खाजा आवश्यक पाउँछे पाउँदिन वा वढो कठोर र परिश्रमका वावजुद पढेका छन् भनेर हेरिएको छ। वैवाहिक कार्यमा उनीहरूको इच्छा विपरीत हुन्छ कि उनीहरूको कुरा पनि सुनिन्छ भन्ने उद्देश्य पनि यस अध्ययनको उद्देश्य रहेको छ। सामाजिक कार्यमा महिलाको सहभागिता निर्णय प्रक्रिया पनि यस अध्ययनको उद्देश्य रहेको छ भने आर्थिक पक्षमा पनि केही प्रसङ्ग यस अध्ययनले उठाएको छ। जसमा घरमा भएका आम्दानीहरू महिलाहरूले उपभोग गर्न पाउने वा नपाउने र उनीहरूको आवश्यक परेको वेला सजिलै उपलब्ध हुन्छ कि होइन भनेर यस अध्ययनले खोतल्न खोजेको छ।

यो विशुद्ध सामाजिक अध्ययन भएकोले अध्ययनबाट निस्केका तथ्याङ्कहरू वर्णनात्मक छन् । उक्त प्रस्तावित समुदायका महिलाहरू एवं त्यस ठाउँका राजनीतिक अगुवाहरू सामाजिक स्वयम् सेवक, जेष्ठ व्यक्ति, जानकार व्यक्ति, धार्मिक व्यक्तिहरू, शिक्षकहरू, सम्बन्धित विद्यालयहरू, मदरसा, लेख, रचना, कथा, पत्र-पत्रिकाहरू, क्लबहरू एवं उनीहरूका अभिभावकहरू यस अध्ययनका सूचनाका श्रोतहरू हुन् भने यी श्रोतहरूबाट आवश्यक पर्ने प्राथमिक एवं द्वितीय सूचना एवं तथ्याङ्कहरू लिइएको थियो ।

उक्त समुदायमा २५० महिलाहरू रहेकाले उक्त समग्रबाट जम्मा ७० नमूना दैवीय नमूना छनौट विधि अवलम्वन गरी छनौट गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्दा घरधुरी सर्वेक्षण, अवलोकन एवं अन्तर्वार्ता अनूसूचिको प्रयोग गरिएको थियो । सङ्कलित तथ्याङ्कहरूलाई यिनको प्रकृतिअनुसार विश्लेषण, व्याख्या र प्रस्तुतीकरण गरिएको छ ।

## ८.२ प्राप्तीहरू

सम्बन्धित क्षेत्रमा गई मुस्लिम समुदायका महिलाहरूको अवस्थाको सुक्ष्म अध्ययन गरिएको छ जसमा शिक्षा, आर्थिक, घरायसी, वैवाहिक, सामाजिक अवस्थाको बारेमा उनीहरूसँग प्रत्यक्ष भेटघाट गरी अनुसन्धान गरिएको छ ।

मुस्लिम समुदायमा सोधिएका सूचनादाताहरूमा १८.६ प्रतिशत सूचनादाताहरू निरक्षर रहेका छन् भने उच्च शिक्षा प्राप्त गर्नेको संख्या ज्यादै न्यून छ जुन २.९ प्रतिशत रहेको छ । छोरा र छोरीमा शैक्षिक अवसर केही फरक भएको सूचना प्राप्त भएको छ । जहाँ ७२.९ प्रतिशत छोराछोरीमा समान देखिएको छ र २७.१ मा शैक्षिक अवसर फरक छ । छोरीले छोरा सरह घरमा पढ्ने समय पाउने ५७.१ प्रतिशत छ भने ४२.९ प्रतिशतले छोरा सरह पढ्ने समय पाएका छैनन् । छोरीलाई विशेष कहिलेकाहीँ विद्यालय जान रोकिन्छ जसमा सरासर जान पाउने ४५.७ र नपाउनेको प्रतिशत ५३.३ रहेको छ । पढ्न विद्यालय जाँदा शैक्षिक सामग्री पाउने महिलाको प्रतिशत ५८.६ र नपाउनेको प्रतिशत ४१.४ प्राप्त भएको छ । सोधिएका सूचनादाताहरू ६० प्रतिशत विवाहित र ४० प्रतिशत अविवाहित भएको पाइए । यसमा स्वेच्छाले विवाह हुनेहरू २२.८ प्रतिशत र अरूको दवाबमा विवाह

हुनेहरू ७७.२ प्रतिशत रहेका छन्। विवाहमा ४१.४ प्रतिशतले छोरीको कुरा सुनिन्छ भने ४८.६ प्रतिशत छोराको कुरा विल्कुलै नसुनिने कुरा व्यक्त गरेका छन्। कार्य क्षेत्रमा ९२.९ प्रतिशत घरधुरीहरू संयुक्त परिवार र ७.१ प्रतिशत घरधुरीहरू एकात्मक परिवार रहेका छन्। उक्त ठाउँमा ७१.४ प्रतिशत महिलाहरू सामाजिक कार्यमा जादैनन् भने २८.६ प्रतिशत महिलाहरू सामाजिक कार्यमा सहभागी हुन्छन्। जहाँ ६५.७ प्रतिशत महिलाको आवाज सुनिँदैन। उक्त कार्यमा ९१.४ पुरुषहरू सहभागी हुन्छन् भने ७.१ प्रतिशत महिलाहरू मात्र सामाजिक कार्यमा जाने गर्दछन्। समाजमा महिला पुरुषमा भेदभाव हुने कारणहरूमा छोराको महत्त्व राख्नेहरूको प्रतिशत छ ७१.४ प्रतिशत, पितृसत्ता भएको कारणका ८.६ प्रतिशत, पूर्वाग्रही कानून भएकोमा २.९ प्रतिशत रहेको छ। घरायसी कार्यमा वा घर भित्रका कार्यहरू जस्तै घाँस दाउरा पानी एवं खेतीपाती लगतउँदा बढी सक्रिय महिलाहरू हुने तथ्याङ्कले बताएको छ। सन्तानोत्पादन कार्यमा कसको निर्णय लागू हुन्छ भनेर सोधिएको प्रश्नमा ९८.६ प्रतिशत धर्मले निर्धारण गर्ने र १.४ प्रतिशत महिलाको निर्णयमा भर पर्ने सूचना प्राप्त भएको छ। सामान्यतया घरमा आम्दानी भएको रूपैया पैसामा मुख्यतया पुरुषको वर्चस्व हुने र उक्त पैसाहरू लगानी गर्दा पुरुषको नै बढी हात हुने तथ्य विभिन्न तथ्याङ्कले जनाएका छन्।

## ८.३ निष्कर्ष

नेपाल अधिराज्यभित्र जति संस्कार र संस्कृतिहरूमा विविधता छ त्यसरी नै यस अधिराज्यभित्र धार्मिक, भाषीय एवं जातीय पनि विविधता रहेका छन्। भनिन्छ, नेपाल अधिराज्यमा अनेकताभित्र एकता एवं भातृत्वको सम्बन्ध रहेको छ। त्यसैले विभिन्न जातजाति एवं भाषाभाषी र विभिन्न धर्म सम्प्रदाय भित्रमा पनि सहिष्णुताको मैत्रीपूर्ण सम्बन्ध देख्न सकिन्छ। सबै जात जाति र भाषा, धर्ममा आ-आफ्नै संस्कृति भए झैं मुस्लिम धर्ममा पनि विशेष प्रकारको संस्कृति छ जुन अरू धर्म भन्दा पृथक प्रकृतिको छ। त्यसैले मुस्लिम धर्मलाई अरू धर्मावलम्वीहरले हेर्न दृष्टिकोण भिन्नै किसिमको छ।

नेपालमा मुस्लिम धर्मावलम्बीहरू अरू धर्मको तुलनामा केही पछाडि परेका छन्। धर्मका नाउँमा मात्र उनीहरू पछाडि परेका होइनन्। शिक्षा राजनीति, रोजगारी एवं अन्य राज्यको हरेक सुविधाबाट उनीहरू वञ्चित रहेको देखिन्छ।

तनहूँ जिल्ला किहूँ गा.वि.स वार्ड नं. ५ का मुस्लिमहरू प्राय सबै खेती किसानीमा निर्भर छन् । परम्परावादी प्रक्रियाबाट खेती किसानी गर्दै आएका उक्त ठाउँका वासिन्दाहरू हाल आएर वैज्ञानिक परिपाटीबाट खेती गर्ने प्रणालीको विकास हुन लागेको छ र उन्नत जातको मल बीउ प्रयोग गर्ने पनि उनीहरूमा सकारात्मक सोंच बढेको छ। परम्परावादी खेती किसानीको अलावा कोही त व्यावसायिक खेतीकिसानीको शुरुवात गर्ने पक्षमा रहेका छन् । त्यस्तै पशुपालनमा पनि उन्नत जातका पशुपंक्षी पाल्ने, नश्ल सुधार गर्ने, औषधी उपचार तथा गोठ खोरको पनि व्यवस्थित तरिकाले बनाउने प्रवृत्तिको विकास भएको छ। यस्तै गरेर पहिलाको तुलनामा उनीहरू राजनीतिमा पनि केही अग्रसर बनेका छन् । गा.वि.स.मा आएको पैसा कसरी लगानी गर्ने, खानेपानी, सरसफाई, स्कुल, वन कसरी सञ्चालन गर्ने भन्ने बारेमा पनि उनीहरू वृहत छलफलबाट निर्णय निकाल्ने सकरात्मक सोंच अगाडि वढाएका छन्। वैवाहिक प्रक्रियामा पनि वालविवाह हुने गरेकोमा यो क्रमशः घट्दो प्रक्रियामा छ । दाइजोभन्दा शिक्षामा जोड दिनुपर्छ भन्ने भावना उनीहरूमा पलाएको छ । शिक्षाले मानवको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण योगदान गर्ने भएकोले उनीहरू शिक्षाप्रति पहिलाको तुलनामा बढी आकर्षित बनेका छन्। छोरा सरह छोरीलाई पनि पढाउनु पर्छ भन्ने मनसाय उनीहरूमा पलाउँदै गएको छ र शिक्षामा बढी दुःखै गरेर भए पनि लगानी वढाएका छन्। छोरा र छोरीलाई हेरिने पुरातन दृष्टिकोणमा पनि फरक आएको छ। सामाजिक कार्य एवं घरायसी कार्यमा पनि महिलाको महत्त्वपूर्ण भूमिकामा हुनेहरूले स्वीकारेका छन्। महिलाहरू पनि अवसर जुनसुकै काम पाए गर्न पनि सक्षम छन् भन्ने कुरा विस्तारै बुझ्दै छन् । यसैको फलस्वरूप उनीहरूले आफ्नो गाउँमा भएका तीनवटा मदरसाबाट बढाएर चारवटा पुऱ्याएका छन्। मदरसाहरूमा विशेष किसिमको व्यवस्था र हेरचाह गरेका छन् भने उक्त मदरसाहरूमा महिला पुरुषको सहभागिता बराबरी हुने गरेको छ। सरकारी स्कुलमा पनि उनीहरूको वालवच्चाहरूको पछिल्लो समयमा भर्ना ह्वात्तै वढेको देखिन्छ। शिक्षाको विकासका साथ साथै उनीहरूमा जीवनका धेरै पक्षमा सकरात्मक सोचाइको विकास हुँदै गइरहेको छ। असल सभ्य नागरिक वन्नु आत्मनिर्भर बन्नु भन्ने जस्ता विषयमा उनीहरूको चिन्तन मनन् वढेको देखिन्छ। खानेपानीको व्यवस्था धारा कुवा वरिपरी सफ ागर्ने, शौचालयको न्यूनतम निर्माण गर्ने, परिवर्तित समयसँग उनीहरूको लवाइ खुवाइमा पनि परिवर्तन आएको देखिन्छ।

उनीहरूको महिलाहरू बूर्का लगाउने पर्ने बाध्यता हटेको देखिएको छ । उनीहरू सामान्य पोशाकमै देखिन्छन् । पुरुषहरू पनि यदाकदा आफ्नै धार्मिक पोशाकमा देखिने गर्छन् । धर्मकर्ममा महिलाको तुलनामा पुरुषहरू बढी कट्टर र भक्ति देखिन्छ । हिन्दू अधिराज्यमा वसोवास गर्ने भएकोले उनीहरूले गाईको बध गर्दैनन् । परम्परावादी चिन्तन एवं कार्यलाई त्याग्दै उनीहरू व्यापार व्यावसाय एवं रोजगारीको शिलशिलामा देश विदेश जान थालेका छन् । यसरी युग सुहाउँदो परिवेशमा आफूलाई समायोजन गर्दै लगेमा उनीहरूको भविष्य नराम्रो होला भन्न सकिँदैन ।

## सन्दर्भसूची


अधिकारी रेशराज र घिमिरे हरिहर (२०५९), *नेपाली समाज र संस्कृति,* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, बलराम (वि.सं. २०६१) *अनुसन्धान पद्धति तथा प्रतिवेदन,* नेशनल बुक सेन्टर ।

गुरुङ् (घले) अर्जुन (२०६०), *मियापाटन पोखराका मुसलमानहरूको ऐतिहासिक चिनारी एक अध्ययन,* (त्रि.वि. इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरामा स्नातकोत्तर उपाधिको लागि बुझाइएको शोधपत्र ।

गौतम, डा. राकेश, र अशोक के थापामगर (१९९४), *ट्राइबल इथनोग्राफी अफ नेपाल,* भोलुम २, दिल्ली बुक फेथ एक्सप्रेस टावर आजादपुर कमर्सियल कम्प्लेक्स

चालिसे, पुष्पराज (२०५८), *नेपालको इतिहास र सभ्यता,* काठमाडौं, रत्नपुस्तक भण्डार ।

थापा, शंकर (१९९७), *सम एस्पेक्टस् अफ मुस्लिम माइनोरोटी इन नेपाल,* भक्तपुर, अ रिसर्च रिपोर्टस् डिभिजन ।

बराल, मनुराज (२०६१) तनहूँ जिल्ला अन्तर्गत सतिस्वाँरा गा.वि.स. का मुसलमानहरूको ऐतिहासिक, सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन, (त्रि.वि. इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरामा स्नातकोत्तर उपाधिको लागि बुझाइएको शोधपत्र ।

बराल, रामचन्द्र (सन् २००६), *शोध विद्यार्थीका अन्यौलता र समाधानका उपायहरू,* पेड नेपाल ।

विष्ट, डोरबहादुर (सन् २००२), *सबै जातको फूलबारी,* ललितपुर, हिमाल किताब, हिमाल एशोसियसन ।

विष्ट, डोरबहादुर (सन् २००६), *सबै जातको फूलबारी,* साझा प्रकाशन, काठमाडौं ।

मियाँ, रहमतुल्लाह (सं. २००७), *मधुर सन्देश,* अलहेरा एजुकेशनल सोसाइटी नेपाल ।

मेचीदेखि महाकाली भाग-३ (२०३१), काठमाडौं, श्री ५ को सरकार, संचार मन्त्रालय, काठमाडौं ।

मेहता चेतना सिंह (१९९६) महिला एवं कानुन, न्यू दिल्ली आशिष पब्लिसिङ्ग हाउस ।

मौलाना सैयद (२०५६) *अपुल आला मौदुदी इस्लाम दर्शन,* अलहेरा एजुकेशनल सोसाइटी नेपाल ।

वैद्य, टि.आर. त्रिरत्न मानन्धर र शंकरलाल जोशी (१९९३), सोसियल हिस्ट्री अफ नेपाल, न्यू दिल्ली अनमोल पब्लिकेशन प्राइभेट लिमिटेड ।

शर्मा, कमलराज (२०५६), *नेपाली समाज र संस्कृति,* युनाइटेड ग्राफिक प्रिन्टर्स (प्रा.) लि., काठमाडौं ।

शर्मा, कमला (२००६), *मुसलमान जातिको सामाजिक, आर्थिक अवस्था एक अध्ययन,* ( त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस, पोखरामा स्नातकोत्तर उपाधिको लागि बुझाइएको शोधपत्र ।

शर्मा, बसन्तकुमार (२०५७), *नेपाली शब्द सागर,* भाभा पुस्तक भण्डार, काठमाडौं ।

शर्मा, बालचन्द्र (सम्पादक) वि.सं. २०१६) *नेपाल शब्दकोश,* रायल नपाल एकेडेमी, काठमाडौं ।

श्रेष्ठ, सन्ध्या (२००७) *मियाँ पाटन पोखराका विवाहित महिलाहरूको गर्भपतन र परिवार नियोजनबारेको दृष्टिकोण : एक अध्ययन,* (त्रि.वि. इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरामा स्नातकोत्तर उपाधिको लागि बुझाइएको शोधपत्र ।

स्याङ्जा जि.वि.स. (२०६०), *स्याङ्जा एक चिनारी* ।

स्याङ्जा जि.वि.स. (२०६२।६३), *जिल्ला विकास योजना* ।

## अनुसुची–१

## मुश्लिम समुदायमा छोरी बुहारीको अवस्था, किहुँ गा.वि.स. वडा नं. ५, तनहुँ जिल्ला २०६५ तथ्याङ्क संकलन सामाग्री

१. **जनसाङ्ख्यिक विवरण**

१.१ उत्तरवालाको नाम :

१.२ उमेर :

१.३ धर्म : १.४ लिङ्ग : १.५ शिक्षा :

१.६ पेशा :

२. **पारिवारिक विवरण**

| क्र.सं. | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

३. **मासिक आम्दानी**

क) रु. ३००० भन्दा कम ☐ ख) रु. ३०००- रु. ५००० ☐

ग) रु. ५०००- रु. ७५०० ☐

घ) रु. ७५००- रु. १०,००० ☐ ङ) रु. १०,००० भन्दा माथि

४. **खेत र बारीको विवरण**

| जग्गा | हल | उत्पादन (मुरीमा) |
|---|---|---|
| खेत | | |
| बारी | | |

५. **शैक्षिक स्थिति**

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| १. | तपाईहरूको परिवारमा छोराछोरीमा शिक्षा समान छ ? | ☐ १. छ<br>☐ २. छैन | ३ |
| २. | छैन भने किन ? | | |
| ३. | घरमा छोरीले छोरा सरह पढ्ने समय पाउँछे वा पाउदिन ? | ☐ १. पाउछे<br>☐ २. पाउदिन | ५ |
| ४. | पाउँदिन भने किन ? | | |
| ५. | तपाईले पढ्दा स्थिति कस्तो छ | | |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| | ?/थियो ? | | |
| ६. | छोरी स्कूल विना रोक तोक जान पाउँछे ? | ☐ १. पाउछे<br>☐ २. पाउदैन | |
| ७ | शैक्षिक सामाग्री प्रशस्त उपलब्ध भएको छ ?/थियो ? | ☐ १. छ<br>☐ २. छैन | |
| ८. | नभएको भए किन होला ? | | |

६. **वैवाहिक पद्धति**

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| १ | तपाई विवाहित कि अविवाहित ? | ☐ १. विवाहित<br>☐ २. अविवाहित | |
| २ | यदि विवाहित भएमा तपाईको विवाह आफू खुसी भएको हो ? | ☐ १. आफू खुसी<br>☐ २. अरुकै दबाबमा | ४ |
| ३. | यदि अरुको दबाबमा हो भने किन ? | | |
| ४ | विवाह छोरीले छानेको केटासँग हुन्छ ? | ☐ १. हुन्छ<br>☐ २. हुँदैन | ६ |
| ५ | यदि हुँदैन भने किन हुँदैन ? | | |
| ६ | बाबुआमा वा आफन्तीले ल्याएको केटासँग केटीको मन नभए पनि जबरजस्ती हुन्छ ? | ☐ १. हुन्छ<br>☐ २. हुँदैन | ७ |
| ७ | हुन्छ भने किन ? | | |
| ८ | वैवाहिक कार्यमा केटीको कुनै कुरा सुनिन्छ ? | ☐ १. सुनिन्छ<br>☐ २. सुनिँदैन | |
| ८ | यदि सुनिदैन भने किन ? | | |

७. **सार्वजनिक कार्यमा छोरीको भूमिका**

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| १ | बाटो, घाटो, पानी, पधेरो वा कुनै सार्वजनिक कार्यमा तपाई जानु हुन्छ की हुँदैन ? | ☐ १. जान्छु<br>☐ २. जान्न | ३ |
| २. | जान्न भने किन ? | | |
| ३ | सार्वजनिक कार्यमा तपाईको निर्णय सुनिन्छ की सुनिदैन ? | ☐ १. सुनिन्छ | |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| | | ☐ २. वास्ता नै गरिँदैन<br>☐ ३. लागु हुँदैन | |
| ४ | सार्वजनिक कार्यमा महिला, पुरुष कस्को सहभागिता बढी हुन्छ? | १. पुरुषको<br>२. महिलाको | |

८. **घरयासी कार्य**

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| १ | पानी भर्न दैनिक साँझ बिहान को जान्छ ? | | |
| २ | घाँस काट्न विशेष गरी को जान्छ ? | | |
| ३ | दाउरा खोज्न वनमा को जान्छ ? | | |
| ४ | गोठालो को जान्छ ? | | |
| ५. | खेतीपाती लगाउदा बढी निर्णायक भूमिका कस्को हुन्छ ? | ☐ १. महिलाको<br>☐ २. पुरुषको | |
| ६. | सन्तानोत्पादन कार्यमा कस्को निर्णय स्वीकार्य हुन्छ ? | ☐ १. पुरुषको<br>☐ २. महिलाको<br>☐ ३. धर्मको अनुसार | |
| ७. | वस्तुभाउलाई घाँसपानी, भकारो सफा गर्ने काम कस्ले गर्छ ? | ☐ १. महिलाले<br>☐ २. पुरुषले | |
| ८. | वस्तुभाउ कसले बेच्छ ? | ☐ १. महिलाले<br>☐ २. पुरुषले | |
| ९. | पैसा कसले राख्छ ? | ☐ १. महिलाले<br>☐ २. पुरुषले | |
| १०. | पैसा लगानी कसले गर्छ ? | ☐ १. महिलाले<br>☐ २. पुरुषले | |
| ११. | आम्दानी भएको पैसा महिलाले आफू खुसी खर्च गर्न पाउँछे वा पाउदिन ? | ☐ १. पाउँछे<br>☐ २. पाउँदिन | १३ |
| १२. | यदि नपाउने भए किन नपाउने हो ? | | |
| १३. | घरयासी कार्यमा महिलाको आवाज | ☐ १. सुनिन्छ | १५ |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| | सुनिन्छ ? | ☐ २. सुनिदैन | |
| १४ | यदि सुनिदैन भने किन ? | | |
| १५ | घरायसी कार्यमा तपाईको निर्णय कति हुन्छ ? | ☐ १. सक्रिय ☐ २. मध्यम ☐ ३. न्यून ☐ ४. हुँदैहुँदैन | |
| १६. | महिलाको आवाज नसुनिनुको महत्वपूर्ण कारण के होला ? | ☐ १. पितृप्रधान समाज भएर ☐ २. धर्मले रोकेको कारण ☐ ३. पुरुषको अगाडि महिला बोल्न नहुने भएर ☐ ४. पुरुषको तुलनामा महिलाहरू अशिक्षित भएर ☐ ५. महिलाहरूले असल निर्णय गर्न नसक्ने भएर | |
| १७. | महिला र पुरुषमा किन भेदभाव भएको होला ? | ☐ १. पितृप्रधान समाज भएर ☐ २. छोराको महत्व बढी भएकोले ☐ ३. नियम कानुनले नै भेदभाव गरेकोले ☐ ४. नियम कानुन पुरुषले मात्र बनाएकोले ☐ ५. महिलाहरू नै असक्षम भएर | |
| १८. | तपाईको आफ्नो पेवा वस्तु भाउ छन् कि छैनन ? | ☐ १. छ | २५ |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| | | ☐ २. छैन | |
| १९. | यदि छ भने कस्ता किसिमका वस्तुभाउ छन् ? | | |
| २०. | तपाई ती भएका वस्तु भाउ आफू खुसी बेच्न पाउनुहुन्छ वा पाउनु हुँदैन ? | ☐ १. आफू खुसी बेच्छु<br>☐ २. आफू खुसी बेच्न पाउदिन | |
| २१ | यदि आफू खुसी बेच्न पाउनुहुन्न भने कस्को सल्लाह अनुसार बेच्नुहुन्छ ? | | |
| २२ | तपाई आफू खुसी किन नपाएको होला ? | | |
| २३ | त्यस्ता वस्तुभाउ विक्रीबाट आएको पैसा को राख्छ ? | ☐ १. तपाई आफै<br>☐ २. बुबाले/आमाले<br>☐ ३. दाइले/दिदीले<br>☐ ४. श्रीमान्ले<br>☐ ५. अन्य | |
| २४. | सो रकम तपाई आफू खुसी खर्च गर्न पाउनुहुन्छ ? | १. पाउँछु<br>२. पाउदिन | |
| २५. | यदि पाउनुहुन्न भने किन नपाएको होला ? | | |
| २६. | उक्त रकम कसले चलाउँछ ? | | |
| २७. | उक्त रकम चलाउँदा तपाईलाई जानकारी हुन्छ कि हुँदैन ? | ☐ १. हुन्छ<br>☐ २. हुँदैन<br>☐ ३. थाहा नै दिँदैनन् | २९ |
| २८. | यदि थाहा नदिने भए वा आफू खुसी गर्ने भए किन त्यसो गरेका होलान् ? | | |
| २९. | तपाईलाई आवश्यक पर्ने रकम सजिलै पाउनुहुन्छ वा हुँदैन? | ☐ १. हुन्छ<br>☐ २. हुँदैन | ३१ |
| ३०. | यदि पाउनुहुँदैन भने किन ? | | |
| ३१. | यदि पाउनु हुन्न भने किन नपाएको होला ? | | |
| ३२. | तपाई घरको काम धन्दा छाडेर | ☐ १. पाउँछु | ३५ |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| | कहिलेकाही सार्वजनिक उत्सवहरूमा जान पाउनुहुन्छ की हुँदैन ? | ☐ २. पाउँदिन | |
| ३३. | यदि, जान रोकिन्छ भने कस्ले रोक्छ ? | | |
| ३२. | सार्वजनिक ठाउँमा तपाईलाई जान किन रोकेका होलान् ? | ☐ १. छोरीचेली त्यस्ता ठाउँमा हिड्न हुँदैन भनेर<br>☐ २. घरको काम हुँदैन भनेर<br>☐ ३. समाजले नै वञ्चित गरेकोले<br>☐ ४. अन्य.................. . | |
| ३५. | तपाईको गाउँमा छोराछोरीमा भेदभाव छ, छैन ? | ☐ १. छ<br>☐ २. छैन | ३७ |
| ३६. | यदि छ भने छोरालाई राम्रो बोर्डिङ्ग र छोरीलाई सामान्य सरकारी स्कूलमा पनि भर्ना नगरेका बाबु आमा तपाईको गाउँमा छन् ? | ☐ १. छन्<br>☐ २. छैनन्<br>☐ ३. थाहा छैन | |
| ३७. | छोरालाई मीठो मसिनो खुवाउने छोरीलाई जस्तो भए त्यस्तै दिने गरिएको छ छैन ? | ☐ १. छ<br>☐ २. छैन<br>☐ ३. थाहा छैन | ३९<br>३९ |
| ३८. | यदि त्यस्तो गरिएको छ भने किन छोरा र छोरीमा भेदभाव गरिएको होला ? | ☐ १. छोराको महत्व धेरै भएकोले<br>☐ २. छोरी अर्कोको घरमा जाने भएकोले<br>☐ ३. समाजको सिको अनुसार<br>४. अन्य | |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| ३९. | छोरालाई राम्रो बोर्डिङ्ग र छोरीलाई सामान्य स्कूलमा सम्म पनि किन भर्ना नगरेका होलान् ? | ☐ १. छोरा कमाउने भएर<br>☐ २. छोरी अर्काको घरमा जाने भएर | |
| ४०. | छोराको तुलनामा छोरीले काम धेरै गर्दा पनि कम सुविधा पाउने कारण के होला ? विचार दिनुहोस् । | | |
| ४१. | स्कूलबाट आउनासाथ छोरा खाजा खाइ पढ्ने वा त्यस्तै रल्लिएर हिड्न पाउने तर छोरी आउनासाथ हत्तनपत्त कामको काम गर्नुपर्ने हुन्छ कि हुँदैन ? | ☐ १. हुन्छ<br>☐ २. हुँदैन | |
| ४२. | छोरा सरह छोरीलाई कुनै पनि क्षेत्रमा नहेरिनुको कारण के होला ? | ☐ १. अन्धविश्वास<br>☐ २. अशिक्षा<br>☐ ३. धर्म<br>☐ ४. मूल्यमान्यता<br>☐ ५. कुरीति<br>☐ ६. परम्परा<br>☐ ७. माथिका सबै | |
| ४३. | छोरा सरह छोरीलाई अधिकार सम्पन्न बनाउन के गर्नुपर्ला ? तपाईको विचार दिनुहोस् । | | |

## अनुसुची-२

**मुख्य उत्तरदाताहरूको सूचि**

१. तौरन मिया- शिक्षक

२. सलिना खातुन- गृहिणी

३. कलिउन मिया- गृहिणी

४. तस्लीमा खातुन - गृहिणी

५. सलिफा खातुन - गृहिणी

६. नैतुन मिया - गृहिणी

## अनुसुची–३

## अध्ययन क्षेत्रको नक्सा

